*समस्या समाधान विधि* - यस विधिबाट ज्योतिषशास्त्रको शिक्षण गर्दा शिक्षकद्वारा पाठ्यांशसँग सम्बन्धित कुनै एउटा समस्या दिएर विद्यार्थीलाई तत्काल वा कक्षाकार्यमा वा गृहकार्यमा समाधान गर्न लगाइन्छ । यसका लागि सर्वप्रथम शिक्षकले समस्याहरूको सूची र समस्या समाधान हुने तालिका, चक्र, सारिणी, पञ्चाङ्ग आदि विद्यार्थीलाई उपलब्ध गराउनु पर्छ। साथै उत्तरकुञ्जिका पनि निर्माण गर्नुपर्छ । उत्तरकुञ्जिकाले समस्यालाई छिटो समाधान गर्न सहयोग गर्दछ, जस्तैः–

१. वि.सं.२०७९ आषाढ ११ गते अग्निवास कहाँ छ ? (अग्निवास तालिको प्रयोग गर्ने)

२.शुक्रको विंशोत्तरी दशावर्ष कति हो ? (दशावर्ष तालिकाको प्रयोग गर्ने )

३. सूर्यका मित्र र शत्रु को को हुन् ? (ग्रहमैत्री तालिकाको प्रयोग गर्ने )

४. नन्दादि तिथि र तिनका स्वामी तालिकामा देखाउनुहोस् ।

*खोज तथा अन्वेषण विधि*- ज्योतिषशास्त्रको शिक्षणमा यो विधि निकै नै प्रभावकारी देखिन्छ । यसले विद्यार्थीलाई ज्योतिषशास्त्रको ज्ञान र सीप दुबै हासिल गर्न सहयोग गर्छ । विद्यार्थीलाई स्वयम् विषयवस्तुको अन्वेषण गर्दै सिक्ने अवसर प्राप्त हुन्छ । ज्योतिषको पाठ्यांशसँग सम्बन्धित विषय अन्वेषण गर्न लगाई यो विधिको प्रयोग गर्न सकिन्छ । निश्चित समयको लग्न, मुहूर्त, दशा

अन्तर्दशालाई  लग्नसारिणी, मुहूर्त तालिका, दशान्तर्दशा तालिका आदिबाट खोज्न लगाएर यो विधिको प्रयोग गर्न सकिन्छ । जस्तै :

१। २०७९ असार ११ गते दिउँसो १ बजेको लग्न पत्ता लगाउनु होस् । (पञ्चाङ्गको दैनिक लग्न सारिणी प्रयोग गर्ने)

२। असार महिनामा कुनकुन दिन रवियोग पर्दछ ? पत्ता लगाउनुहोस् । (रवियोग तालिका प्रयोग गर्ने)

३। आषढ शुक्लपक्षमा कहिले कहिले रुद्री जुर्छ ? पत्ता लगाउनुहोस् । (शिववास तालिका प्रयोग गर्ने)

*परियोजना कार्य (विधि)* - परियोजनाकार्यलाई वर्तमान पाठ्यक्रममा मूल्याङ्कनविधिको महत्वपूर्ण अङ्गका रूपमा स्वीकार गरिएको छ । शास्त्रीतहको आन्तरिक मूल्याङ्कनमा परियोजना कार्यलाई अनिवार्य मानिएको छ। ज्योतिषशास्त्रको शिक्षण गर्दा निश्चित समयमा पुरा हुने खालका निम्न अनुसारका परियोजना कार्य दिएर यस विधिको प्रयोग गर्न सकिन्छ :

१. जन्मपत्रिका निर्माणको परियोजनाकार्य ।

२. षड्वर्ग कुण्डली निर्माणको परियोजनाकार्य ।

३.ससन्धि द्वादशभाव साधनको परियोजनाकार्य ।

४.सूर्यादि ग्रहका दशान्तर्ददशा साधनको परियोजनाकार्य, आदि ।

*सर्वेक्षण विधि* - स्थलगत निरीक्षण र सर्वेक्षणका साथ शिक्षण गरिने सर्वेक्षणविधिलाई ज्योतिषशास्त्र अन्तर्गतको वास्तुशास्त्र शिक्षण गर्दा प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ । वास्तुशास्त्रका मूल्यमान्यतालाई आत्मसात गरी वास्तुअनुकुल निर्माण गरिएका भवन, राजप्रासाद, देवालय, जलाशय, ढुङ्गेधारा,  आरामगृह(प्रतीक्षालय), धर्मशाला, वनवृक्ष, वाटिका आदिको स्थलगत सर्वेक्षणबाट वास्तुशास्त्रको शिक्षणमा प्रभावकारिता आउँछ । यसबाट वास्तुशास्त्रका नियमहरू प्रयोग भए नभएको प्रत्यक्ष सर्वेक्षण गरी सिकाउन सकिन्छ ।

*घटना अध्ययन विधि* - ज्योतिष विषयसँग सम्बन्ध राख्ने कुनै पनि राष्ट्रिय अन्तर्राष्ट्रि वा खगोलीय घटना परिघटनाको अध्ययनबाट पनि ज्योतिष विषयको शिक्षण गर्न सकिन्छ । सूर्यग्रहण वा चन्द्रग्रहणको समयमा हुने आकाशीय दृश्य, त्यस समयको भौगोलिक परिदृश्य, समाजका धार्मिक सांस्कृतिक क्रियाकलाप जस्ता घटनाको अध्ययनबाट ज्योतिषशास्त्रको ग्रहणसँग सम्बन्धित

विषयवस्तु शिक्षण गर्न सकिन्छ । त्यस्तै गम्भीर खालका राष्ट्रिय घटना वा दुर्घटनाहरू कुन मुहूर्तमाघटेका हुन् भनी मुहूर्त अध्ययन गर्न सकिन्छ । गम्भीर प्रकृतिका दुर्घटना, आत्महत्या, आगलागी आदिबाट निधन हुने व्यक्तिका कुण्डलीको अध्ययनबाट अकालमृत्युयोगको प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

*अवलोकन विधि* - अवलोकनविधि पनि ज्योतिषशास्त्र शिक्षणको एउटा प्रभावकारी विधि हो । यसबाट विद्यार्थीले विषयको प्रत्यक्ष ज्ञान हासिल गर्न सक्छन् । उनीहरूलाई दूरदर्शक यन्त्रको सहायताले आकाशीय नक्षत्र, तारापुञ्ज,राशि, ग्रह आदि अवलोकन गराउँदै ज्योतिषको शिक्षण गर्न सकिन्छ । दूरविनको सहायताले सूर्यचन्द्र ग्रहणको अवलोकनबाट ग्रहणको ज्ञान प्रत्यक्ष हासिल गर्न सकिन्छ । विद्यार्थीकेन्द्रित शिक्षणविधिका मुख्य मुख्य बुँदाहरू निम्न अनुसार छन् :

| **विद्यार्थीकेन्द्रित शिक्षणविधि** | **शिक्षणक्रियाकलाप** | **शिक्षणसामग्री** |
|---|---|---|
| १.समस्यासमाधानविधि | –शिक्षकले कुनै एउटा समस्या विद्यार्थीलाई दिएर कक्षा वा गृहकार्यमा समाधान गर्न लगाउने,<br>–पाठ्यांशसम्बद्ध प्रश्न दिने र समाधान गर्न लगाउने । | –समस्या समाधान गर्ने सूत्रसूची<br>–समस्या समाधान हुने तालिका, सारिणी आदि<br>–सम्बद्ध पाठ्यांश |
| २.खोज/अन्वेषणविधि | –पाठ्यांशसँग सम्बन्धित विषय खोज गर्न लगाउने ।<br>–लग्न,मुहूर्त,ग्रहशत्रु,मित्र,समआदि पहिचान गर्न लगाउने । –ग्रहदशान्तर्दशा आदि अन्वेषण गर्न लगाउने । | लग्नसारिणी, मुहूर्तसारिणी, ग्रहदशाचक्र, आदि |
| ३.परियोजनाकार्यविधि | –षड्वर्गकुण्डली निर्माण, जन्मपत्रिका निर्माण, दशार्न्तदशासाधन,ससन्धिभावसाधन | –षड्वर्ग सारिणी, जन्मपत्रिका चार्ट,पञ्चाङ्ग आदि । |

| | | |
|---|---|---|
| | आदिको परियोजनाकार्य गर्न दिने । | |
| ४.सर्वेक्षणविधि | –गृहवास्तु,वास्तुभूमि,वास्तुअनुकुल निर्मित भवन, राजप्रासाद,देवालय,वनवाटिका आदिको स्थलगत सर्वेक्षण गर्न लगाउने । | –वास्तुचित्र, वास्तुचक्र, वास्तुअनुकुल निर्मित भवन, देवालय, राजप्रासाद आदि । |
| ५.घटनाअध्ययनविधि | –खगोलीय घटनाहरू जस्तैः सूर्यचन्द्रग्रहण,उल्कापात आदि घटनाको वस्तुगत अध्ययन गर्न लगाउने, ग्रहणफल परीक्षण गराउने<br>–गम्भीर खालका राष्टीय घटना वा दुर्घनाका मुहूर्त अध्ययन गर्ने ।<br>–गम्भीर दुर्घटनामा निधन हुने व्यक्तिका कुण्डली अध्ययन गर्न दिने | ग्रहणतालिका, ग्रहणफलतालिका, दुर्घटनासूची, तत्कालिककुण्डली । |
| ६.अवलोकनविधि | ग्रहण अवलोकन गराउने, | दूदर्शकयन्त्र, दूरविन । |

***अन्तरक्रियात्मक विधि*** – शिक्षक र विद्यार्थीको सामूहिक अन्तरक्रियाबाट शिक्षण गरिने विधिलाई अन्तरक्रियात्मक शिक्षणविधि भनिन्छ । यसमा शिक्षक र विद्यार्थीले सामूहिक कार्य गरेर ज्योतिषशास्त्रको सिकाई प्रक्रियालाई उपलब्धीमूलक बनाउन सकिन्छ । यस विधि अन्तरगत प्रश्नोत्तर, समूहछलफल, गोष्ठी र शास्त्रार्थशैली विधि पर्दछन् ।

*प्रश्नोत्तर विधि* - ज्योतिषशास्त्रप्रति विद्यार्थीहरूको रूचि बढाउन र उत्प्रेरित गर्न प्रश्नोत्तरविधि प्रभावकारी हुन्छ । शिक्षकले ज्योतिषको पाठ्यांशका विषयवस्तुसँग सम्बद्ध छोटा छोटा प्रश्न गर्दै विद्यार्थीलाई उत्तर भन्न लगाएर यो विधिको प्रयोग गर्न सकिन्छ, जस्तै :

१. पञ्चाङ्गपत्रस्य पञ्चाङ्गानि कानि ?

२. सूर्यस्य उच्च राश्यांशाः के ?

३. स्त्रीसंज्ञकानां राशीनां नामानि कानि ?

४. तारा नामानि कानि ?

***समूह छलफल विधि-*** शिक्षक र विद्यार्थी दुवैले सामूहिक छलफल र अन्तरक्रियाद्वारा शिक्षण गर्ने विधिलाई समूहछलफलविधि भनिन्छ । शिक्षकले नेतृत्व गरेको विद्यार्थीको समूह निर्माण गरी निश्चित विषयमा छलफल गर्दै निकालिने निष्कर्षबाट ज्योतिषशास्त्रमा यस विधिको उपयोग गर्न सकिन्छ। कुण्डलीका योगहरूको सामूहिक फलादेश, वास्तुभूमि वा गृहवास्तुको सामूहिक अवलोकन, सूर्यचन्द्र ग्रहणको सामूहिक अवलोकन जस्ता क्रियाकलापबाट विद्यार्थीले सहज रूपमा विषयवस्तुको ज्ञान आर्जन गर्न सक्छन् । यस विधिबाट मेला, उत्सव वा पर्वहरूमा सामूहिक कार्यक्रमको आयोजना वा ज्योतिष शिविर सञ्चालन गरी समूहमा ज्योतिष शिक्षण गर्न सकिन्छ, जस्तै :

१. सामूहिक कुण्डलीपरामर्श शिविर

२. सामूहिक वास्तुपरामर्श शिविर

३. सामूहिक मुहूर्तपरामर्श शिविर

***विमर्श वा गोष्ठीविधि*** - ज्योतिषशास्त्रका विभिन्न विषयमा विचार गोष्ठी वा विमर्श गोष्ठीको आयोजना गरेर शिक्षण गर्ने पद्धतिलाई गोष्ठीविधि भनिन्छ । शिक्षक विद्यार्थी दुवै सहभागी भई ज्योतिषशास्त्रका विज्ञजनहरूबाट ज्योतिषीय विविध विषयमा विचार गोष्ठी वा विमर्श गोष्ठीको आयोजना गरेर पनि ज्योतिष शिक्षण गर्न सकिन्छ, जस्तै :

१.पञ्चाङ्ग प्रशिक्षण शिविर,

२.मुहूर्तविचार गोष्ठी,

३.वास्तु प्रशिक्षण कार्यशाला,

४.राशिफल प्रशिक्षण कार्यशाला, आदि ।

***शास्त्रार्थशैली विधि*** - ज्योतिष विषयको पाठ्यांशसँग सम्बन्धित कुनै निश्चित विषयमा शास्त्रीय प्रमाणहरूलाई प्रस्तुत गर्दै विद्यार्थी, शिक्षक वा ज्योतिष विषयका जानकार व्यक्तिहरूलाई सहभागी गराई शास्त्रार्थशैलीबाट ज्योतिष शिक्षण गर्न सकिन्छ । यसका लागि कुनै एउटा दृष्टान्त प्रस्तुत गरी त्यसका आधारमा शास्त्रार्थ गर्न सकिन्छ । फलितज्योतिषका निम्न अनुसारका विषयमा शास्त्रार्थ गर्न गराउन सकिन्छ :

१. कुण्डलीमा बालारिष्टयोग विचार

२. कुण्डलीका भावको शुभाशुभत्व विचार

३. शुभकर्ममा त्याज्यदोष विचार

४.यात्राका शुभाशुभ शकुन विचार आदि

अन्तर्क्रियात्मक विधिका मुख्य बुँदाहरूलाई निम्न अनुसार देखाइएको छ :

| **अन्तरक्रियात्मक शिक्षणविधि** | **शिक्षणक्रियाकलाप** | **शिक्षणसामग्री** | **विशेष (कैफियत)** |
|---|---|---|---|
| १.प्रश्नोत्तरविधि | –पाठ्यांशसम्बद्ध छोटा छोटा प्रश्न गर्दै उत्तर भन्न लगाउने । | –प्रश्नसूचीपत्र, उत्तरकुञ्जिका | |
| २.समूह छलफलविधि | –विद्यार्थीको समूह निर्माण गरी निश्चित विषयमा छलफल गर्दै निष्कर्ष निकाल्न लगाउने ।<br>–सामूहिक रूपमा ज्योतिषीय विषयवस्तुलाई मात्र समेटी साप्ताहिक, पाक्षिक वा मासिक पत्रिका प्रकाशन गर्न लगाउने<br>–सामूहिक ज्योतिषपरामर्श सेवा प्रदान गर्ने, | –नक्षत्रचक्र, तिथि तालिका, ग्रहतालिका, विविधकुण्डलीहरू<br>–चार्ट पेपर | |
| ३.विमर्शगोष्ठिविधि | –ज्योतिषशास्त्रका विविध विषयमा विचारगोष्ठी, विमर्शगोष्ठी आदि आयोजना गर्ने र विज्ञहरूबाट ज्योतिषीय विषयमा विमर्श गर्ने । | –ज्योतिष विषयका विज्ञहरू । | |
| ४.शास्त्रार्थशैलीविधि | –ज्योतिष गणित, जातक, मुहूर्त, वास्तुसम्बद्ध विषयमा | –ज्योतिषका शास्त्रीय श्लोकप्रमाण | |

| | | | |
|---|---|---|---|
| | विद्यार्थीहरूबीच शास्त्रार्थ गराउने र शिक्षकले शास्त्रीय निर्णय सुनाउने । | लेखिएका श्लोकपत्तीहरू । | |

## निष्कर्ष र उपलब्धि

नेपालमा ज्योतिषशास्त्र शिक्षणको परम्परा निकै पुरानो देखिन्छ । पौरस्त्य ज्योतिषशास्त्रको प्रमुख शिक्षणविधि गुरुकुलीय श्रुतिपरम्पराको गुरुमुखी पद्धति नै हो । नेपालका अधिकांश ज्योतिषीहरूले श्रुतिपरम्परागत गुरुमुखी पद्धतिबाट ज्योतिषशास्त्र सिक्दै र सिकाउँदै आएका छन् । तर आधुनिक कक्षकोठामा ज्योतिषशास्त्रको शिक्षणविधि र पद्धतिका विषयमा खासै चिन्तन भएको पाइँदैन । ज्योतिष सिक्ने र सिकाउने उद्देश्यले ज्योतिषीय ग्रन्थ भास्वतीको नेपाली भाषमा अनुवाद भएदेखि यता अनुवाद रूपान्तरणको पद्धतिबाट ज्योतिषशिक्षण प्रारम्भ भएको इतिहास पाइन्छ । गुरुकुलीय पद्धतिबाट विकसित हुँदै आएको पौरस्त्य ज्योतिषशास्त्रको नेपालको ज्योतिष अध्ययन अध्यापन पद्धतिले विश्वविद्यालयको स्थापना भएपछि मात्रै औपचारिकता प्राप्त गरेको बुझिन्छ । महेन्द्र/नेपाल संस्कृत विश्वविद्यालयको स्थापना (२०४३) भएपछि विश्वविद्यालयको ज्योतिष विभागले निर्माण गरेको पाठ्यक्रममा ज्योतिषशिक्षणका विधि र पद्धतिरूको उल्लेख गरिएको छ । विश्वविद्यालयका प्रारम्भिक पाठ्यक्रमहरूमा संस्कृत वाङ्मयका शास्त्रीय शिक्षणविधिहरू जस्तै आगमनविधि, निगमनविधि, विमर्शविधि, प्रश्नोत्तरविधि र व्याख्यानविधि वा पद्धतिलाई ज्योतिषशास्त्रका विषयवस्तु अनुसार अवलम्बन गर्न निर्देश गरिएको छ। माध्यमिक शिक्षा पाठ्यक्रम (२०७६) ले चाहिँ शिक्षणविधिलाई शिक्षण सहजीकरण प्रक्रिया भनेको छ । यसमा ज्योतिषशास्त्रको शिक्षणका लागि विद्यार्थी केन्द्रित विधिलाई अवलम्बन गर्न केही बुँदारू उल्लेख गरएिको छ। नेपाल संस्कृत विश्वविद्यालयको अद्यावधिक पाठ्यक्रम (२०७८) ले भने ज्योतिषशास्त्र शिक्षणका लागि अधुनातन विधि, पद्धति र प्रविधिहरूलाई समेत प्रयोग गर्न सकिने शिक्षणविधि र शिक्षणसामग्रीको उल्लेख गरेको छ। साथै अद्यावधिक पाठ्यक्रममा ज्योतिषका विविध विषयवस्तु अनुसारका आधुनिक शिक्षणसामग्रीको निर्माण गर्न ज्योतिष विषयका शिक्षक, ज्योतिष विभाग र विद्यापीठलाई आह्वान गरिएको छ । यसरी निर्मित शिक्षणसामग्रीको प्रयोग गर्दै आधुनिक प्रविधिमैत्री शिक्षणविधिबाट ज्योतिषशास्त्रको अध्यापन गर्न सकिन्छ । यहाँ यो लघुअध्ययनको शोधलेखबाट ज्योतिषशास्त्रको

शिक्षणविधि वा शिक्षण सहजीकरण प्रक्रियालाई शिक्षक केन्द्रितविधि, विद्यार्थीकेन्द्रित विधि र अन्तर्क्रियात्मक विधि अन्तर्गतका विभिन्न विधि र पद्धतिको विश्लेषण गरी तिनको प्रयोगका लागि उदाहरण समेत प्रस्तुत गरिएको छ । यही कुरा यस शोध लेखको मुख्य उपलब्धि हो । ज्योतिषशास्त्रको शिक्षणमा प्रयोग गर्न सकिने व्याख्यान वा प्रवचनविधि, संवाद वा प्रश्नोत्तरविधि, प्रदर्शनविधि, गोष्ठीविधि वा सामूहिक विमर्शविधि, परियोजनाकार्य विधि, अन्वेषणविधि, अवलोकनविधि र शास्त्रार्थशैली विधिको प्रयोगात्मक पद्धति अनुसरण गर्दै ज्योतिष विषयको शिक्षण गर्न सकिन्छ भन्ने निष्कर्ष यस शोधलेखमा निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची


...... (२०५५), *आचार्य प्रथमखण्डस्य पाठ्यक्रमः*, महेन्द्रसंस्कृत विश्वविद्यालय ।

...... (२०५६), *उत्तरमध्यमास्तरीयः पाठ्यक्रमः*, महेन्द्रसंस्कृत विश्वविद्यालयः ।

...... (२०७६), *माध्यमिकशिक्षापाठ्यक्रमः* (फलितज्योतिषम्), पाठ्यक्रमविकासकेन्द्रः ।

.... (२०५७), *शास्त्रिस्तरीयपाठ्यक्रमः*, महेन्द्र संस्कृत विश्वविद्यालय ।

..... (२०७८), *शास्त्रिस्तरीयः पाठ्यक्रमः (शास्त्री प्रथमवर्षः)*, नेपाल संस्कृत विश्वविद्यालय ।

...... (ई.२०१५), *सूर्यसिद्धान्तः* (कपिलेश्वरशास्त्रीकृत् संस्कृत एवम् हिन्दीटीकाद्वयसंवलितः, संपा. सत्येन्द्र मिश्र), चौखम्बा संस्कृत भवन ।

जगद्देव (ई.२००८), *सामुद्रिकशास्त्रम्* (हिन्दीटीकाकार पं अभयकात्यायन), चौखम्बा सुरभारती प्रकाशन ।

जैमिनि (२०६४), *जैमिनिसूत्रम्* (हिन्दी व्यख्याकार श्रीअच्युतानन्द झा, पञ्चम संस्करण), चौखम्बा संस्कृत सिरिज आफिस ।

दाहालः, लोकमणिः (ई.२००३), *भारतीय ज्योतिषशास्त्रस्येतिहासः*, चौखम्बा सुरभारती प्रकाशन ।

पराजुली, ठाकुर (२०४५), *नेपाली साहित्यको परिक्रमा*, (दो.सं.), साझा प्रकाशन ।

पराशर (ई. २०१४), *बृहत्पाराशरहोराशास्त्रम्*, (व्यख्याकार पं पद्मनाभ शर्मा), चौखम्बा सुरभारती प्रकाशन ।

भृगु (२०७४), *भृगुसूत्रम्,* (पण्डित श्री सिद्धनाथशर्मकृत् सरलहिन्दीटीकासहितम्), खेमराज श्रीकृष्णदास ।

श्रीमञ्छतानन्दः (२०४२), *भास्वती,* (व्याख्याकार-आचार्य रामजन्म मिश्र, द्वि.सं.) वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६४), *नेपाली साहित्यको संक्षिप्त इतिहास* (नवौँ संस्करण), साझा प्रकाशन ।

# उर्वशी खण्डकाव्यको विधातात्त्विक विश्लेषण

तुलसीप्रसाद गौतम, विद्यावारिधि
सहप्राध्यापक
नेपाली विभाग
त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौं
gautamtulsi1@gmail.com

**लेखसार**

प्रस्तुत शोधलेख सिद्धिचरण श्रेष्ठद्वारा रचित उर्वशी खण्डकाव्यको विधातात्त्विक विश्लेषणमा केन्द्रित छ । यस लेखमा खण्डकाव्यका संरचक घटकहरू कथानक, चरित्र, परिवेश, शीर्षक, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीय विन्यासअन्तर्गतका छन्द, लय, बिम्ब, प्रतीक, अलङ्कार आदिका आधारमा कृतिपरक विश्लेषण गरिएको छ । यस अध्ययनबाट उर्वशी खण्डकाव्यमा प्राप्त कथानक, त्यस कथानकलाई डोऱ्याउने पात्र र तिनको चरित्रका साथै परिवेशअन्तर्गतका पात्र क्रियाशील हुने ठाउँ अथवा घटना घटित हुने स्थान, समय र सामाजिक परिस्थितिसमेत केलाइएको छ । यसका साथै कृतिको शीर्षक, खण्डकाव्य लेखिनाको उद्देश्य र दृष्टिबिन्दु अर्थात् कथनपद्धतिको समेत निर्क्योल भएको छ । त्यसैगरी काव्यमा प्रयुक्त भाषाशैलीअन्तर्गतका छन्दविधान, लयविधान, बिम्ब, प्रतीक र अलङ्कार विधानको अध्ययन तथा विश्लेषण गरिएको छ । यसरी कृति निर्माण गर्ने संरचक घटकहरूलाई नै आधार बनाएर गरिएको यस अध्ययनबाट यो कृति विधातत्त्वका दृष्टिले पूर्ण संरचना भएको एक उत्कृष्ट काव्य हो भन्ने कुरा प्रमाणित भएको छ । यस अध्ययनबाट कृतिका सबै घटकहरूको अध्ययन तथा विश्लेषण हुन गई पाठकलाई समग्र कृति बुझ्न मदत पुग्ने विश्वास गरिएको छ ।

**शब्दकुञ्जिका :** कथानक, परिवेश, दृष्टिबिन्दु, बिम्ब, प्रतीक ।

## विषय परिचय

सिद्धिचरण श्रेष्ठ स्वच्छन्दतावादी धाराका एक महत्त्वपूर्ण कवि हुन् । उनको कविता-यात्रा १९९० सालको फागुनमा गोरखापत्रमा 'भुइँचालो' शीर्षक कविता छापिएपछि सुरु भएको हो । १९९० सालदेखि सुरु भएको यो कविता-यात्रा उनको देहावसान भएको वर्ष २०४९ सालसम्म नै रहेको पाइन्छ । लगभग ६ दशक लामो कविता-यात्रामा उनले ५ सयभन्दा बढी फुटकर कविता र १४ वटा खण्डकाव्य लेखेका छन् । उनका मेरो प्रतिबिम्ब (२०२१), कोपिला (२०२१), कुहिरो र घाम (२०४५), सिद्धिचरणका प्रतिनिधि कविता (२०४५), तिरमिर तारा (२०४६), बाँचिरहेको आवाज (२०४६) गरी जम्मा ६ वटा कविता-सङ्ग्रह प्रकाशित छन् । रचनाका दृष्टिले उनको खण्डकाव्य लेखन १९९५ सालदेखि सुरु भए तापनि प्रकाशनका दृष्टिले उनको खण्डकाव्य-यात्रा २०१७ सालमा प्रकाशित 'उर्वशी' देखि सुरु भएको पाइन्छ । उनले जूनकिरी, विश्वव्यथा, उर्वशी, आँसु, शबरी, मङ्गलमान, ज्यानमारा शैल, मेरो नेपाल, भीमसेन थापा, आत्मबिलौना, बाँचिरहेको आवाज, नौली, कान्तिमती, युद्ध र शान्ति गरी १४ वटा खण्डकाव्य लेख्ने प्रयास गरे तापनि उर्वशी (२०१७), ज्यानमारा शैल (२०२३), विश्वव्यथा (२०३१), मेरो नेपाल (२०३९), मङ्गलमान (२०४९), आँसु (२०५०), भीमसेन थापा (२०६०) गरी ७ वटा खण्डकाव्य मात्र पूर्ण रूपमा प्रकाशित छन् । उपर्युक्त खण्डकाव्यहरूमध्ये विश्वव्यथा, आँसु र ज्यानमारा शैल २०१७ सालपछि प्रकाशित भए तापनि यी काव्यहरू २०१७ सालभन्दा अघि नै रचिएका हुन् । 'उर्वशी' खण्डकाव्यको रचना पनि १९९७ सालमा सिद्धिचरण श्रेष्ठ जेल परेसँगै सुरु भए तापनि यस खण्डकाव्यलाई संशोधनका साथ २०१७ सालमा प्रकाशित गरियो । यसरी हेर्दा 'उर्वशी' को रचनाकाल १९९७ देखि २०१७ सालसम्म रहेको छ । मेरो नेपाल, मङ्गलमान र भीमसेन थापा खण्डकाव्यहरूचाहिं २०१७ सालपछि रचिएका हुन् ।

उपर्युक्त काव्यकृतिहरूमध्ये केही कृतिको अध्ययन तथा अनुसन्धान हुन सकेको भए तापनि समग्र कृतिको व्याख्या तथा विश्लेषण हुन अझै बाँकी छ । २०१८ सालमा प्रकाशित 'उर्वशी' महाभारतमा वर्णित अर्जुन र उर्वशीका बिचको एक दिनको घटनालाई लिएर लेखिएको खण्डकाव्य हो । यो मानवका इच्छा-आकाङ्क्षाहरू कति प्रबल हुन्छन् भन्ने कुरा देखाउन सफल एक स्वच्छन्दतावादी खण्डकाव्य हो । प्रस्तुत शोधलेख यही खण्डकाव्यको विधातात्त्विक विश्लेषणमा केन्द्रित छ । खण्डकाव्यका संरचक तत्त्वहरूका आधारमा उक्त काव्यको विश्लेषण गरी निष्कर्षमा पुग्नु यस लेखको मुख्य विषय र उद्देश्य पनि हो ।

## अध्ययनको विधि

प्रस्तुत कृतिको अध्ययन तथा विश्लेषणका लागि यसमा खण्डकाव्यको विधातात्त्विक सिद्धान्त अवलम्बन गरिएको छ र पद्धति निगमनात्मक छ । सैद्धान्तिक आधार स्पष्ट पार्नका लागि यसमा खण्डकाव्यको सिद्धान्तबारे लेखिएका पुस्तक तथा लेख-रचनाहरूबाट सामग्री सङ्कलन गरिएको छ । यसमा मुख्यतः प्राथमिक र द्वितीयक गरी दुई प्रकारका सामग्रीहरू सङ्कलन गरिएका छन् । यसको प्राथमिक सामग्री विवेच्य कृति 'उर्वशी' खण्डकाव्य हो भने यस खण्डकाव्यका बारेमा लेखिएका सैद्धान्तिक पुस्तक र लेख रचनाहरू यसका द्वितीयक सामग्री हुन् । सामग्री सङ्कलनका लागि यसमा पुस्तकालयीय विधि अपनाइएको छ र यिनै सामग्रीको उपयोगद्वारा कृतिको अध्ययन तथा विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको र कृतिपरक रहेको छ ।

## विषय विश्लेषण

### उर्वशी खण्डकाव्यको विधातात्त्विक विश्लेषण

कुनै पनि वस्तु वा कृतिको आफ्नो एउटा संरचना हुन्छ । संरचना नभएको वा अपूर्ण भएको वस्तु अपाङ्गजस्तै हुन्छ । संरचना भनेको कुनै वस्तु वा कृतिको सग्लो वा पूर्ण रूप हो । साहित्यिक कृतिको संरचनाभित्र विभिन्न संरचक घटकहरू रहेका हुन्छन् । यिनै संरचक घटकहरू मिलेर एउटा सिङ्गो कृतिको निर्माण हुन्छ । साहित्यका विभिन्न विधामध्ये कविताको एक उपविधाका रूपमा रहेको खण्डकाव्य पनि विभिन्न अवयवहरूको मेलबाट निर्मित एउटा विशिष्ट संरचना हो । यसको संरचना वा सग्लो स्वरूप निर्माण गर्ने विभिन्न अवयवहरू नै यसका संरचक घटकहरू हुन् ।

खण्डकाव्यको निर्माणमा भाग लिने संरचक घटकहरूमा विषयवस्तु, कथानक, पात्रविधान, परिवेश, शीर्षक, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास (छन्द, लय, विम्ब, प्रतीक, अलङ्कार) आदि पर्दछन् । यसमा यिनै तत्वका आधारमा सिद्धिचरण श्रेष्ठको उर्वशी खण्डकाव्यको विश्लेषण गरिएको छ :

***विषयवस्तु-*** उर्वशीको चर्चा ऋग्वेदमा पनि पाइन्छ । त्यहाँ पुरुरवा र उर्वशीको रोचक प्रेमप्रसङ्ग रहेको छ । यस खण्डकाव्यमा चाहिँ महाभारतको वनपर्वमा घटित एउटा घटनालाई विषयवस्तु बनाइएको छ । महाभारतको कथाअनुसार पाण्डवहरू वनवासमा थिए । उनीहरूलाई हतियार र शक्तिको खाँचो थियो । त्यसैले अर्जुन पाशुपतास्त्र प्राप्तिका लागि साधनारत थिए । यही समयमा

स्वर्गमा देवताहरूमाथि दैत्यहरूले आक्रमण गरी दुःख दिए । देवताहरूको अनुरोधमा अर्जुनले उनीहरूका पक्षमा युद्ध गरेर विजय प्राप्त गरिसकेपछि उनको सम्मानमा स्वर्गको नन्दन वनस्थित एक आलिसान भवनमा एउटा भव्य कार्यक्रमको आयोजना गरिन्छ । त्यस कार्यक्रममा अर्जुनलाई देखेर आकर्षित भएकी उर्वशी कार्यक्रमको समापनपछि मध्यरातमा उनको शयनकक्षमा पुग्छिन् र आफ्ना हाउभाउद्वारा समभोगका निम्ति आमन्त्रण गर्छिन् । त्यसपछि अर्जुनले उनको आमन्त्रण अस्वीकार गरी 'आमा' शब्दले सम्बोधन गर्छन् । 'आमा' शब्दको सम्बोधनले घायल बनेकी उर्वशी अर्जुनलाई श्राप दिई त्यहाँबाट बाहिर निस्किन्छिन् । यही घटनालाई विषय बनाई यस काव्यको कथावस्तु निर्माण गरिएको छ ।

***कथानक* -** पात्रद्वारा गरिने कार्य र तिनै कार्यबाट घटने घटनाहरूको सिङ्गो रूपलाई कथानक भनिन्छ । कथानक भनेको कथा, उपन्यास, नाटक, महाकाव्य, खण्डकाव्यजस्ता आख्यानात्मक कृतिहरूको आधार हो । एम.एच. अब्राम्स र जियोफ्रे गाल्ट हार्फामका अनुसार आख्यानात्मक कृतिहरूमा कथानकको रचना घटना र कार्यबाट हुन्छ र यसलाई विशिष्ट कलात्मक र भावनात्मक प्रभाव उत्पन्न गर्नका लागि एउटा निश्चित क्रममा विन्यास गरिएको हुन्छ (अब्राम्स र हार्फाम, २०२०, पृ. २९३) । कथानक घटनाहरूको त्यस्तो शृङ्खला हो, जो समयक्रमबाट होइन, कार्य-कारण सम्बन्धबाट जोडिएको हुन्छ । कथानकको पूर्णताका लागि आदि, मध्य र अन्त्यको क्रमिक वा व्यतिक्रमिक शृङ्खला पूर्वापर सम्बन्धमा जोडिएको हुनुपर्छ । आदिभागमा पात्रको परिचयका साथै पहिलो महत्त्वपूर्ण घटनाको प्रस्तुति हुनुपर्छ भने मध्यभागमा उक्त पहिलो घटनाका कारण उत्पन्न अन्य घटनाहरूका साथै अन्तिम महत्त्वपूर्ण घटनासम्मको चरम अवस्थाको वर्णन हुन्छ । अन्त्यभागमा सङ्घर्षह्रास तथा उपसंहार (फलप्राप्ति) का अवस्थाबाट कथानकको विकास गरिएको हुन्छ । उर्वशी खण्डकाव्यको कथानक आदि, मध्य र अन्त्यको विन्यासक्रममा निम्नानुसार संरचित छः

*आदि भाग* **-** दैत्यहरूको आक्रमणबाट भयभीत देवताहरूले अर्जुनसँग सहयोग मागेको घटनाबाट यस काव्यको कथानकको बिजारोपण भएको छ । कथावस्तुको बिजारोपण यसको आदिभाग हो ।

*मध्य भाग-* देव र दानवको युद्धमा देवताहरूका पक्षमा युद्ध गरी विजय प्राप्त गरेपश्चात् अर्जुन स्वर्गको राजधानी अमरावती पुग्छन् । अर्जुनको स्वागत गर्ने तयारीबाट सुरु भएको यसको कथानक विभिन्न घटना-उपघटनाहरूबाट विकसित हुँदै जान्छ । उनको साहसिक कार्यको सम्मानका लागि स्वर्गको नन्दन वनमा एउटा भव्य कार्यक्रमको आयोजना गरिन्छ । त्यहाँ नाचगान हुन्छ । नाचगान भएकै वेला स्वर्गकी अप्सरा उर्वशी अर्जुनप्रति आकर्षित हुन्छिन् र कार्यक्रमको समापनपछि अर्जुनको शयनकक्षमा जान्छिन् । त्यसपछि केही समयको भलाकुसारीपछि समभोगका लागि आमन्त्रण गर्छिन् । त्यसपछि अर्जुन राग र विरागका द्वन्द्वमा फँस्छन् । यहाँसम्मको भाग मध्यभाग हो ।

*अन्त्य भाग* - अर्जुनका मनमा उत्पन्न द्वन्द्वमा विराग अर्थात् साधनाको जित हुन्छ र उर्वशीको आमन्त्रण अस्वीकार गर्छन् । यस घटनाबाट घायल बनेकी उर्वशीले अर्जुनलाई श्राप दिएको घटनाबाट कथा समाप्त हुन्छ । यो कथानकको फलप्राप्ति वा अन्त्य भाग हो ।

*उपसंहार* - यसमा **उपसंहार** भाग पनि रहेको छ । **उपसंहार** भागचाहिँ पछि थपिएको अनावश्यक भागजस्तो लाग्छ । यो केवल उर्वशीलाई सहानुभूति दिने उद्देश्यले थपिएको देखिन्छ । सुरुमा कवि अर्जुनका पक्षमा थिए भने पछि उर्वशीका पक्षमा उभिए । कथानक विन्यासका दृष्टिले यस भागको कुनै महत्त्व छैन । पाठकको मन स्वतः उर्वशीकै पक्षमा जान्छ ।

***पात्रविधान-*** कृतिभित्र उपस्थित भई विभिन्न कार्यद्वारा कथानकलाई गतिशील बनाउने व्यक्तिलाई पात्र भनिन्छ । लक्ष्मण गौतमका अनुसार- कवितामा सहभागिता जनाउन वा उपस्थित हुन आउने व्यक्ति नै सहभागी वा पात्र हो (गौतम, २०६९, पृ. ९३) । साहित्यमा प्रत्येक पात्रको आफ्नै कार्य र विकास हुन्छ । पात्रको कार्यले चरित्रको निर्माण गर्दछ । एम.एच. अब्राम्स र जियोफ्रे गाल्ट हार्फामका अनुसार आख्यानात्मक कृतिमा चरित्र भन्नाले त्यस्ता प्रतिनिधि व्यक्तिहरूलाई जनाउँछ, जसलाई पाठकले निश्चित नैतिक, बौद्धिक र भावनात्मक गुणको पहिचान उनीहरूको अभिव्यक्तिद्वारा, संवादद्वारा तथा कार्यद्वारा विशिष्ट ढङ्गबाट गर्दछन् (अब्राम्स र हार्फाम, २०२०, पृ. ४८) । पात्र/चरित्र आख्यानात्मक कृतिको अनिवार्य तत्त्व हो । पात्रबिना कुनै पनि आख्यानात्मक कृति गतिशील हुन सक्दैन । त्यसैले आख्यानात्मक कृतिहरूमा विभिन्न खालका पात्रहरूको समावेश हुन्छ ।

प्रगीतात्मक ढाँचाका फुटकर कवितामा सहभागी वा पात्रको गौण भूमिका रहने भएकाले चरित्रको खासै भूमिका हुँदैन । आख्यानात्मक र नाटकीय संरचना भएका कवितामा भने चरित्रलाई बढी महत्त्व दिइएको पाइन्छ । सहभागी पात्रहरूलाई परिस्थितिले जे गराउँछ, त्यसैअनुसार परिवर्तन हुँदै जाने हुनाले चरित्रका विविध रूप देखा पर्दछन् ।

उर्वशी खण्डकाव्यमा मुख्य गरी दुई प्रमुख चरित्रको चित्रण पाइन्छ । यसको नायकका रूपमा महाभारतका पात्र अर्जुन छन् भने नायिकाका रूपमा स्वर्गकी अप्सरा उर्वशी रहेकी छन् । यसमा यिनै दुई चरित्रको चित्रण प्रमुख रूपमा आएको छ । अर्जुनलाई साधकका रूपमा उभ्याएर व्यक्ति अर्जुनभन्दा माथि कर्तव्य-पथमा लागेको साधक चरित्रका रूपमा प्रस्तुत गरिएको छ भने उर्वशीलाई व्यक्ति उर्वशीका रूपमा उभ्याइएको छ । अर्जुन त्याग र कर्तव्यको बाटोमा हिँडेका छन् भने उर्वशी भोग र व्यक्तिगत इच्छा-आकाङ्क्षा पूरा गर्ने सामान्य चरित्रका रूपमा प्रस्तुत छिन् । त्यसैले यसमा उर्वशीको आन्तरिक र बाह्य द्वन्द्व अनि अर्जुनको पनि आन्तरिक र बाह्य द्वन्द्व दुवै पाइन्छ । यसमा उर्वशी र साधक अर्जुनका बिचमा बाह्य द्वन्द्व पनि रहेको छ । उर्वशीको आन्तरिक द्वन्द्व व्यक्ति-उर्वशी र सामाजिक-उर्वशीका बिचमा रहेको छ भने अर्जुनको आन्तरिक द्वन्द्व व्यक्ति-अर्जुन र साधक-अर्जुनका बिचमा रहेको छ । यसलाई उर्वशीकै कथनबाट हेरौं :

त्याग र भोग दुइटा बाटो
पुग्ने त्यही ठाउँ न हो ?
पाई छोड्यो, छाडी पायो
यसमा के भेद रह्यो ?

(उर्वशी, पृ. ५७)

उपर्युक्त पङ्क्तिहरूमा त्यागको बाटो हिँडे पनि भोगको बाटो हिँडे पनि मानिसका जीवनको लक्ष्य आनन्द नै हो । आनन्द प्राप्तिका लागि छाडेर पाउनु (त्यागको बाटो) र पाएर छाड्नु (भोगको बाटो) दुवैमा कुनै भेद छैन भन्ने कुरा अभिव्यक्त छ । यसले उर्वशीको अन्तर्मनमा रहेको तीव्र यौनेच्छालाई प्रकट गरेको छ । त्यसैले ऊ आफ्नो यौनेच्छा पूरा गर्न अर्जुनको शयनकक्षमै पुग्छे । यस समयमा एकातिर उर्वशीमा कामवृत्तिमूलक अहम्को हलचल पाइन्छ भने अर्जुनले आफूलाई स्वीकार गर्ला कि नगर्ला भन्ने आन्तरिक द्वन्द्व पनि हुन्छ । सामाजिक उर्वशीका मनमा चाहिँ इन्द्रको कोपभाजनमा परिने हो कि भन्ने डर पनि रहेको पाइन्छ ।

त्यसैगरी उर्वशीको नृत्य हेरी विश्रामका लागि शयनकक्ष पुगेका अर्जुनका मनमा पनि राग र विरागको अन्तर्द्वन्द्व पाइन्छ । उनको एक मनमा उर्वशीको सौन्दर्यप्रति आकर्षण पाइन्छ भने अर्कातिर कर्तव्यपथमा अडिग रहने उच्च प्रेरणा छ । उनका अवचेतन मनमा उर्वशीलाई भोग गर्ने इच्छा पनि छ तर कर्तव्य पूर्तिको दृढ सङ्कल्प पनि छ, जस्तै-

आधा आँखा चिम्ली अर्जुन
सोच्छन्- यो केको हलचल,
सपना-पुतली सम्मुख नाच्छे
कस्तो हो यो झलमल ?
मन हुन्छ उठी हात समाउन
अर्को भन्दछ- 'हैन,
सुधा-पान छ, गरल-असर छ
यसलाई छुन हुन्न ।'
मूर्ति छ सुन्दर, छाया भीषण
बिर्सिकन बिर्सिन्न,
विकट परिस्थिति खडा छ अहिले
उनी दुविधाले सन्न ?
शान्ति-अशान्ति दोभानमहाँ
मनको नाउ छ ढलपल,
छाडूँ, पक्रूँ-बिचको द्वन्द्व
हृदय छ अलमल अलमल

अर्जुनका मनमा उर्वशीलाई भोग गरूँ कि छाडूँ भन्ने द्वन्द्व चलिरहँदा अन्त्यमा अर्जुन क्षणिक सुखलाई त्यागेर कर्तव्यपथ अँगाल्न पुग्छन् । यिनै दुई प्रमुख पात्रको आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्वका कारण नै खण्डकाव्यले पूर्णता प्राप्त गरेको छ । यी दुई चरित्रहरूबाहेक यसमा स्वर्गका राजा इन्द्र, देव, दानव आदि पात्र गौण चरित्रका रूपमा आएक छन् । खण्डकाव्यमा यी पात्रहरूको खासै भूमिका छैन ।

***शीर्षक-*** साहित्यिक कृतिको नामलाई शीर्षक भनिन्छ। कृतिका अगाडि वा सिरानमा रहने शीर्षकले नै कृतिको प्रथम चिनारी गराउँछ । शीर्षक काव्यमा व्यक्त हुने केन्द्रीय भाव वा कथ्यका रूपमा रहेको हुन्छ । शीर्षक काव्यको सारसङ्क्षेप पनि हो । कृति र शीर्षकका बिच अन्योन्याश्रित सम्बन्ध हुन्छ। कृति र शीर्षकका बिचको सम्बन्धका आधारमा शीर्षक विभिन्न प्रकारका र हुन्छन्। मोहनराज शर्माका अनुसार शीर्षकहरू सामञ्जस्यमूलक, सङ्केतात्मक, प्रतीकात्मक, व्यतिरेकी र निरपेक्ष हुन्छन् (शर्मा, २०५४, पृ. ३८६) । कुनै कृतिको शीर्षकसँग त्यसको विषयवस्तु र पात्रनामका बिचमा सामञ्जस्य पाइएमा त्यस्तो शीर्षकलाई सामञ्जस्यमूलक शीर्षक भनिन्छ । सङ्केतात्मक शीर्षकले कृतिमा भन्न बाँकी अथवा कृतिभन्दा पर कुनै अन्य कुरातर्फ सङ्केत गरेको हुन्छ । कथ्य वा भाव/विचारको प्रतीक बनेको शीर्षकलाई प्रतीकात्मक शीर्षक भनिन्छ । कृतिले दिने अर्थभन्दा विपरीत अर्थ बुझाएमा त्यो व्यतिरेकी हुन्छ । कृतिसँग प्रत्यक्ष वा अप्रत्यक्ष कुनै सम्बन्ध नभएको शीर्षक निरपेक्ष हुन्छ।

यस काव्यमा उर्वशी र अर्जुन प्रमुख दुई पात्र छन् । यी दुई पात्रमध्ये अर्जुन हस्तिनापुरका राजा पाण्डुका साहिँला पुत्र हुन् भने यस काव्यकी मुख्य नायिका उर्वशी स्वर्गकी अप्सरा हुन्। यसको मुख्य कथावस्तु नै उर्वशीको चरित्रसँग सम्बन्धित छ । अर्जुन र उर्वशी यी दुवै पात्रका नामबाट पनि खण्डकाव्यको नामकरण गर्न सकिन्थ्यो तर 'उर्वशी' शीर्षक चयन गरिएको छ । नायक र नायिकामध्ये यो काव्यको शीर्षक नायिकाको नामबाट राखिएको छ र उर्वशीका माध्यमबाट मानिसका जीवनमा व्यक्तिगत इच्छा-आकाङ्क्षाहरू कति प्रबल भएर देखा पर्छन् भन्ने मनोविज्ञान प्रस्तुत गरिएको हुँदा 'उर्वशी' शीर्षक उपयुक्त देखिएको छ । पात्रका नामबाट राखिएको यसको शीर्षक र कथावस्तुका बिचमा सामञ्जस्य पाइने हुनाले शीर्षक सार्थक छ।

***परिवेश (देश, काल, परिस्थिति) -*** साहित्यिक कृतिमा देखा पर्ने स्थान, समय र पात्रको स्थितिलाई साहित्यिक भाषामा परिवेश भनिन्छ । एम.एच. अब्राम्स र जियोफ्रे गाल्ट हार्फामका अनुसार कुनै पनि आख्यानात्मक कृतिको समग्र परिवेश भन्नाले कथानकको स्थान, समय र सामाजिक परिस्थितिको सेटिङ (समुच्चय) लाई बुझाउँछ (अब्राम्स र हार्फाम, २०२०, पृ. ४८) । यसको तात्पर्य परिवेश भनेको (स्थान, समय र परिस्थिति) यी तीन कुराहरूको संयोजन हो । यसलाई नेपालीमा ( देश, काल र वातावरण) भनिएको पाइन्छ । कृतिमा घटना घटित हुने र चरित्रले कार्यव्यापार गर्ने

ठाउँलाई देश वा स्थान भनिन्छ । कविताका जुनसुकै संरचनामा सूक्ष्म वा स्थूल रूपमा स्थानको वर्णन आउन सक्छ । यस्तो स्थान विशिष्ट र सामान्य दुवै हुन सक्छ । सामान्य स्थानहरू चरित्र र घटनाको पृष्ठभूमिका रूपमा सामान्य किसिमले आउँछन् र तिनले घटना र चरित्रलाई खासै प्रभाव पार्दैनन् तर विशिष्ट स्थानहरू भने चरित्र र घटनालाई प्रभाव पार्ने किसिमले विशेष रूपमा आउन सक्छन् । विशिष्ट स्थानहरू ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक आदि महत्त्वका हुन सक्छन्। त्यसैगरी कृतिमा घटना घटित हुने र चरित्रले कार्यव्यापार गर्ने काल वा वेलालाई समय भनिन्छ । पहिले नै प्रसिद्ध भइसकेको समयलाई विशिष्ट र अन्य सामान्य अवस्थाको समयलाई सामान्य समय भनिन्छ । कृतिमा देखा पर्ने सुखद् वा दुःखद् परिस्थिति वा अवस्थालाई वातावरण भनिन्छ । कुनै स्थानमा कुनै समयमा घटित हुने घटना र चरित्रको कार्यव्यापार अनि ती चरित्रको अवस्थाले त्यस समय र स्थानको जुन परिस्थिति र अवस्था देखाउँछन् त्यसैलाई वातावरण भनिन्छ । वातावरणको प्रस्तुति पनि सामान्य र विशिष्ट दुवै हुन सक्छ । वातावरणको प्रस्तुति विशेष ढङ्गले गरिएमा त्यहाँ स्थानीय रङ वा आञ्चलिकता पैदा हुन्छ । वातावरण बाह्य वा आन्तरिक दुवै हुन सक्छन् । बाह्य वातावरणले बाहिरी भौतिक जगत्लाई आन्तरिक वातावरणले मनोजगत्लाई देखाउँछ ।

परिवेशका दृष्टिकोणले हेर्दा उर्वशी खण्डकाव्यले अलौकिक परिवेशलाई अँगालेको छ । यसको कालगत परिवेश महाभारतकालीन द्वापरयुग हो । अर्जुन वनवास रहेका वेला देवताहरूले उनलाई स्वर्ग लगेको घटनाको चित्रण खण्डकाव्यमा भएबाट यस कुराको पुष्टि हुन्छ । उक्त कालखण्डको एकरातको समयावधिको चित्रण यस काव्यमा भएको छ । स्थानगत परिवेशअन्तर्गत यसमा अलौकिक स्वर्गको चित्रण पाइन्छ जुन काल्पनिक लोक हो । यो कुरा निम्नलिखित पङ्क्तिहरूबाट देखिन्छ :

सुरपुरको यो मधुमय बेला
शान्ति र सुखको ज्यानी,
नीद-परी छन् छर्किरहेकी
अमृत घटको पानी ।     (उर्वशी, पृ. १५)

उपर्युक्त कवितांशमा सुरपुर भन्ने स्थानको उल्लेख गरिएको छ । यसबाट यो कुनै अलौकिक लोक भएको प्रमाणित हुन्छ । पौराणिक कथाहरूमा सुरपुर भनेको देवलोक हो । यसले देवताहरूको राजधानी अमरावतीलाई बुझाउँछ । यसमा समयको उल्लेख गर्दा मधुमय बताइएको छ र शान्ति र सुखको माहोल देखाइएको छ । मधुमय शब्ले मिठासपूर्ण वातावरणको झल्को दिन्छ ।

यसरी प्रत्यक्ष रूपमा यस्तो परिवेश देखिए पनि अप्रत्यक्ष रूपमा राणाकालीन परिवेश ध्वनित भएको पाइन्छ । १९९७ सालमा जेल परेका सिद्धिचरण श्रेष्ठले कारावासमै यो खण्डकाव्य लेखेका हुन् । यो समय प्रजातन्त्र प्राप्तिका लागि कवि स्वयं प्रयासरत थिए । त्यसैले सुरुमा उनी अर्जुनको पक्षमा थिए। पछि उनी उर्वशीका पक्षमा उभिएका हुन् ।

***दृष्टिविन्दु*** **-** कृतिलाई प्रस्तुत गर्ने ढाँचा दृष्टिविन्दु हो । दृष्टिविन्दु कि प्रथमपुरुष कि तृतीय पुरुष हुन्छ । लेखक स्वयं समाख्याताका रूपमा प्रत्यक्ष उपस्थित भएर पाठकसामु आफ्नो विचार प्रस्तुत गरेमा प्रथमपुरुष दृष्टिबिन्दु हुन्छ भने ऊ, त्यो, तिनी र तृतीय पुरुष नाममध्ये कसैलाई मुख्य पात्रका रूपमा उपस्थित गरी उसैका माध्यमबाट वा पात्रको संवाद प्रस्तुत गरी भाव/विचार, घटना व्यक्त गरिएमा तृतीयपुरुष दृष्टिबिन्दु हुन्छ । प्रथम पुरुष दृष्टिबिन्दुमा म/हामी पात्रले आफैं समाख्यान प्रस्तुत गर्दछ भने तृतीय पुरुष दृष्टिविन्दुबाट भनिएका आख्यानात्मक कृतिमा चाहिँ कविले अन्य व्यक्तिको भाव/विचार वा घटनालाई सर्वज्ञ भई सीमित तथा वस्तुगत ढङ्गले प्रस्तुत गर्दछ । लेखक वा समाख्याताले आफूलाई कृतिभित्रको कुनै एक सहभागी विशेष वा अन्य चरित्रका मनभित्र प्रवेश गरी तिनका विचार र अनुभूतिलाई समाख्यान गर्दछ भने त्यो सीमित दृष्टिबिन्दु हुन्छ । यसरी कवि स्वयं उपस्थित भएर 'म' पात्रद्वारा आत्मकथन गर्नु प्रथमपुरुष दृष्टिबिन्दु हो भने आफू अनुपस्थित रहनु सर्वज्ञ तृतीयपुरुष दृष्टिबिन्दु हो । कविकल्पित पात्रका माध्यमद्वारा विचार अभिव्यक्त गर्नु पनि तृतीयपुरुष दृष्टिबिन्दु हो ।

यस खण्डकाव्यमा प्रथमपुरुष र तृतीयपुरुष दुवै दृष्टिबिन्दुको प्रयोग पाइन्छ । यसमा कविको आत्मकथनका साथै अर्जुन र उर्वशीको वार्तालाप पनि पाइन्छ । अर्जुन र उर्वशीका बिच भएको वार्तालापको एक अंश यसप्रकार छ :

वस्त्र लगाई शचया छाडी
आसन उच्च दिएर-
भन्छन्- बस्नोस् आज्ञा के छ ?
म छु अब गर्न तयार ।
खबर गरे म आइहाल्थें,
तकलिफ किन यो राति,

कति कारणले पाल्नुभएको
मान्या नारी-जाति ?
उर्वशी गई अर्जुन छेउ
टाँसिई सँगै बस्छिन्,
लौ त नयनले छोऊँ करले
भन्ने सबकुछ भन्छिन् ।
"किन म यहाँ यो आएँ कुन्नि
छैन मलाई थाह,
फर्कन्छु अब म लौ निदाउनोस्
बाहिर शून्य छ साथ ।"

यसरी पात्रको वार्तालापबाहेक यस खण्डकाव्यका सुरुका केही अंश कवि स्वयं उपस्थित भएर र उपसंहार भाग कवि अनुपस्थित रहेर आत्मकथन गरिएको पाइन्छ भने समग्र खण्डकाव्य अर्जुन र उर्वशीको वार्तालापमै संरचित छ ।

***उद्देश्य-*** साहित्य सिर्जनाको प्रयोजनलाई उद्देश्य भनिन्छ । बिनाउद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिंदैन । साहित्य सिर्जना गर्ने उद्देश्य के हुन सक्छ ? के उद्देश्यबिना कविता सिर्जना हुन सक्दैन ? झट्ट हेर्दा बिनाउद्देश्य पनि त साहित्य लेखिन सक्छ भन्ने लाग्न सक्छ तर काव्य अथवा समग्र साहित्यमा अन्तर्निहित भाव/विचारले उद्देश्यतर्फ पनि सङ्केत गरिरहेको हुन्छ । त्यो साहित्य जुन सिर्जित भयो, त्यसबाट कुनै न कुनै उद्देश्य देखा पर्छ । पूर्वीय काव्यशास्त्रमा साहित्यको मुख्य प्रयोजन प्रीति वा आनन्द अर्थात् रसानुभूतिलाई मानिएको छ भने पुरुषार्थचतुष्ट्य, शिक्षा वा उपदेश, लोकमङ्गल आदि व्यावहारिक प्रयोजन, कृपापात्रता, धनार्जन, व्याधिबाट रक्षा र देवस्तुति आदि वैयक्तिक प्रयोजन र कीर्ति वा यश, तृप्ति वा आनन्दानुभूति आदि आन्तरिक प्रयोजन मानिएका छन्। पश्चिममा आनन्द, नीतिसापेक्ष, लोकमङ्गल र शिक्षालाई काव्य प्रयोजन मानिएको छ ।

उर्वशी खण्डकाव्यमा अर्जुन र उर्वशीको जीवनमा घटेको एउटा घटनाद्वारा भोग र त्याग, अनि व्यक्तिगत इच्छा र कर्तव्यका बिच द्वन्द्व प्रस्तुत गरी काव्यको मूल भागमा कर्तव्य-पथमा लाग्न प्रेरणा दिइएको छ । यसको उपसंहार भागमा भने व्यक्तिगत इच्छालाई नै प्रमुखता दिएर पाठकलाई

दिग्भ्रमित पारिएको छ । उपसंहार भागमा व्यक्तिगत इच्छा-आकाङ्क्षालाई प्रमुखता दिए तापनि खण्डकाव्यको मूल भागमा चाहिँ कर्तव्य-पथलाई नै प्रमुखता दिइएको हुनाले मानिसका जीवनमा व्यक्तिगत इच्छा-आकाङ्क्षाहरूको महत्त्व हुँदाहुँदै पनि कर्तव्य-पथमा लाग्नाले नै मानिसलाई सफलताको उचाइमा पुऱ्याउँछ भन्ने सन्देश अर्जुनका माध्यमबाट प्रवाह गर्नु यस काव्यको मुख्य उद्देश्य हो ।

***भाषाशैलीय विन्यास-*** कुनै व्यक्ति वा वस्तुको वर्णन, कुनै भाव वा विचार अभिव्यक्तिको माध्यम भाषा हो । भाषाकै आधारमा कुनै पनि साहित्यिक कृतिले आफ्नो स्वरूप वा संरचना (शरीर) प्राप्त गर्दछ । शैली भनेको चाहिं भाषिक अभिलक्षण हो । यसअन्तर्गत चयन, अग्रभूमीकरण (विचलन र समानान्तरता) र प्रयुक्ति विविधता पर्दछन् । भाषा र शैलीको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । मोहनराज शर्मा र खगेन्द्र लुइटेलका अनुसार भाषाशैलीको अर्थ भाव प्रकाशनका लागि प्रयोग गरिने अभिव्यक्तिको ढङ्ग हो (शर्मा र लुइटेल, २०५७, पृ.२) । महादेव अवस्थीका अनुसार भाषाको सौन्दर्यपूर्ण प्रयोगलाई नै साहित्यिक भाषाशैली भनिन्छ। खण्डकाव्यका सन्दर्भमा भाषाको सौन्दर्य एकातर्फ खण्डकाव्यकृतिका लयविधान र श्रुतिमधुरताका अपेक्षासँग जोडिएको हुन्छ भने अर्कातर्फ सम्बन्धित विषयवस्तु र त्यसका भावात्मक एवं वैचारिक अर्थगत संरचना अनि कथनपद्धतिको वाहक पनि हुने गर्दछ ( अवस्थी, २०६४, पृ. ४८) । साहित्यमा मुख्य गरी कथ्य र अभिव्यक्ति दुई पक्ष हुन्छन् । कथ्य पक्ष अर्थ वा आन्तरिक पक्ष हो भने अभिव्यक्ति पक्ष कृतिको रूप वा बाह्य पक्ष हो। भाषाकै आधारमा साहित्यिक कृतिले एउटा सिङ्गो शरीर संरचनाको रूप लिन्छ ।

मात्रा छन्दमा रचिएको उर्वशी खण्डकाव्यको भाषा लयात्मक र श्रुतिमधुर छ । यसमा जोरजुलुम, मैजु, निहाल, खपडा, तकलिफ आदि आगन्तुक शब्द तथा रूपछटा, प्राञ्जल, कल्मषजस्ता तत्सम शब्दले कतै-कतै भाषिक सम्प्रेषणमा कठिनाइ उत्पन्न गर्छन् भने गड्याङगुङ, खुलुलुलु, झरझर, फरफर, फर्र, सर्र, सलल, झल्ल आदि अनुकरणात्मक शब्दले र *डोकामा दुध दुहिन्न, ढोका थुनेर बिरालालाई कुट्नु हुन्न* जस्ता उखानको प्रयोगले भाषालाई सरस र रोचक बनाएका छन् । यसमा मुनि-मन-गिरि, पुष्पपलङ, पौरखप्याला, मोहनज्ञान आदि समस्त शब्द र कोसेली, सामल, खेवा, भन्ज्याङजस्ता सिङ्गा शब्दहरूको प्रयोग पनि पाइन्छ । अधिकांशतः सरल वाक्यकै प्रयोग भए पनि तत्सम शब्द र घुमाउरो कथन प्रक्रियाले यसको अभिव्यक्ति शैली वक्रोक्तिमय बनेको छ।

## उर्वशी खण्डकाव्यमा छन्द र लयविधान

काव्यलाई वर्ण र मात्राको निश्चित नियममा आबद्ध गरिने तरिकालाई छन्द भनिन्छ । छन्दले लय, गति, यति र आवृत्तिलाई समेत जनाउँछ । मोहन हिमांशु थापाका अनुसार छन्दले भावलाई निश्चित सीमामा बाँध्छ (थापा, २०४७), पृ.२७६) । छन्द शास्त्रीय, लोकछन्द र मुक्तछन्द गरी तीन प्रकारका हुन्छन् । शास्त्रीय छन्दअन्तर्गत वार्णिक र मात्रिक छन्द पर्दछन् भने लोकछन्दअन्तर्गत झ्याउरे, बालुन, सँगिनी, सबाई, सेलो, मालसिरी आदि पर्दछन् । मुक्तछन्द भनेको गद्यकविता हो तर यो छन्दहीन नभएर अन्तर्लयात्मक हुन्छ । लय भनेको चाहिँ उच्चारणको आरोह-अवरोह हो । कवितालाई अन्य गद्यविधाबाट छुट्टयाउने काम नै लयले गर्दछ । लयले कवितामा ध्वनि प्रवाहको ढाँचालाई जनाउँछ । यसको उत्पत्ति ध्वनिको प्रवाह, गति, यति, विराम आदिको क्रमिक मेलबाट हुन्छ । खगेन्द्र लुइटेलका अनुसार छन्दविना कविता सिर्जना गर्न सकिए पनि लयविना कविताको कल्पना पनि गर्न सकिन्न (लुइटेल, २०६०, पृ. १३७) । त्यसैले लयलाई कविताको अनिवार्य तत्त्व मानिएको हो । कुमारबहादुर जोशीका अनुसार कविताका सन्दर्भमा लय मुख्यतः चार वर्गमा विभाजित छ : वार्णिक छन्द (लोकछन्द), मात्रिक छन्द, वर्णमात्रिक छन्द र गद्यकविता (जोशी, २०४०, पृ. १७) । वर्णगत वा अक्षरगत नियमिता वार्णिक वा लोकछन्द हो भने मात्रागत नियमितता मात्रिक छन्द हो । वर्णमात्रिक छन्दमा चाहिं लयको वर्णगत र मात्रागत दुवै थरीको नियमितता हुन्छ । गद्यलयका कवितामा भने लयको नियमितता हुँदैन तर ध्वनि वा वर्णका समान एकाइहरूको नियमित पुनरावृत्ति हुने हुनाले लयको उत्पादन भने हुन्छ । छन्दोबद्ध कवितामा लयको सिर्जना प्रस्ट देखिने गरी बाह्य रूपमा नै हुन्छ भने गद्यलयात्मक कवितामा आन्तरिक रूपमा हुन्छ ।

उर्वशी मात्रा छन्दमा रचिएको बद्धलयात्मक काव्य हो । यसका श्लोकहरू मात्रा छन्दको द्विपदीय ढाँचामा संरचित छन् । यसमा प्रत्येक श्लोकको पहिलो र तेस्रो पाउ तथा दोस्रो र चौथो पाउको मात्रा सङ्ख्या बराबर हुन्छ । यसमा पहिलो र तेस्रो पाउमा १६ मात्रा र दोस्रो र चौथो पाउमा १२ मात्रा प्रयोग गरिएको छ, जस्तै-

नन्दन वन यो, नन्दन वन यो (१६ मात्रा)
परमेश्वरको रचना (१२ मात्रा)
बालकपनको, स्वच्छ सरसता (१६ मात्रा)

सिंचित यसैका घनमा (१२ मात्रा)

(उर्वशी, पृ. १०)

यो खण्डकाव्य मात्रा छन्दको उपर्युक्त प्रयोगका साथै सम पाउमा प्रायः अन्त्यानुप्रासको प्रयोगद्वारा लयात्मक बनाइएको छ । यसबाट यस खण्डकाव्यले साङ्गीतिक गुणसमेत प्राप्त गरेको छ । यद्यपि सबै ठाउँमा छन्द र मात्राको त्यति राम्रो निर्वाह गर्न नसकिएको भने प्रस्ट देखिन्छ । यसमा प्रयोग भएको अनुप्रास पनि सबै श्लोकमा मिलेको पाइँदैन जसले लयविधानलाई कमजोर बनाएको देखिन्छ, जस्तै-

जस्तो तिमीले व्यवहार गऱ्यौ,<br>
त्यस्तै होस् तिमीलाई,<br>
यति नै तिम्रो पौरखलाई<br>
जान्छु म आज सरापी । (उर्वशी, पृ. ६२)

**अलङ्कार विधान**

अलङ्कार भनेको साहित्यको शृङ्गार हो । साहित्यिक भाषामा अभिव्यक्त हुने हुनाले भाषिक शृङ्गार वा गहनाका रूपमा यसले साहित्यकै सौन्दर्य बढाउँछ । दण्डीका अनुसार ‘काव्यको शोभा बढाउने धर्मलाई अलङ्कार भनिन्छ’ । वामनले ‘सौन्दर्य नै अलङ्कार हो’ भनेका छन् । अलङ्कारले साहित्यमा उक्ति वैचित्र्य वा चमत्कार उत्पन्न गर्दछ । यसको तात्पर्य भाषालाई प्रभावकारी र सौन्दर्यपूर्ण बनाउने साहित्यिक तत्त्व अलङ्कार हो । अलङ्कार मुख्य गरी शब्द र अर्थका तहमा दुई प्रकारको हुन्छ । शब्दको प्रयोगमा आधारित अलङ्कार शाब्दिक अलङ्कार (शब्दालङ्कार) हो भने अर्थमा आधारित अलङ्कार अर्थालङ्कार हो । शब्दालङ्कारमा अनुप्रास, यमक, वक्रोक्ति, श्लेष आदि अलङ्कार पर्दछन् भने अर्थालङ्कारमा उपमा, रूपक, दीपक, दृष्टान्त, उत्प्रेक्षा, समासोक्ति, व्यतिरेक, अतिशयोक्ति, अप्रस्तुत प्रशंसा आदि पर्दछन् ।

यसमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग पाइन्छ । यसमा अनुप्रास, यमकजस्ता शब्दालङ्कारले शब्दचमत्कृति प्रदान गरी भाषिक सौन्दर्य बढाएको छ भने उपमा रूपक, अतिशयोक्तिजस्ता अर्थालङ्कारको प्रयोगले अर्थसौन्दर्य बढाएको पाइन्छ, जस्तै-

***शब्दालङ्कारको प्रयोग*** स्वप्न पलाऊ, स्वप्न पलाऊ<br>
छरिता धार बहाई,

कल्मष मनको सब पन्छाऊ

मोहन ज्ञान चुहाई ।       (उर्वशी, पृ. ३)

उपर्युक्त कवितांशमा 'स्वप्न पलाऊ' वाक्यको पुनरावृत्ति र 'पलाऊ-पन्छाऊ' 'बहाई-चुहाई' जस्ता अन्त्यानुप्रासको प्रयोग गरी कवितालाई लयात्मक, सङ्गीतात्मक, श्रुतिमधुर बनाइएको छ । यसले भाषालाई सौन्दर्यात्मक बनाई मिठासपूर्ण बनाएको छ ।

**अर्थालङ्कारको प्रयोग**

जोरदार तर शब्द विनम्र

जोबन यो स्थिर छैन

कमलपत्रको पानीझैं यो

साथ सधैं रहँदैन ।   (उर्वशी, पृ. ५७)

उपर्युक्त कवितांशमा कमलपत्रको पानीसँग मानव जीवनलाई तुलना गरिएकाले उपमा अलङ्कार प्रयोग भएको छ । यसबाट जसरी कमलको पातमा भएको पानी धेरैबेर अडिन सक्दैन त्यसैगरी मानव जीवन पनि क्षणिक हुन्छ भन्ने भाव अभिव्यक्त भएको छ ।

बालापनको आली नाघी

जोबन बाढी आयो   (उर्वशी, पृ. १)

उपर्युक्त कवितांशमा जीवनलाई बाढीका रूपमा आरोप गरिएको हुँदा रूपक अलङ्कार भएको छ । जसरी वर्षायाममा नदी, खोलामा बाढी आउँछ तर वर्षा रोकिनेबित्तिकै पानी सुक्दै जान्छ, त्यसरी नै मानिसको यौवन पनि सकिँदै जान्छ भन्ने भाव यसमा अभिव्यक्त छ ।

स्नेहालिंगनको लतिकाले

यो आबाद रहन्छ,

प्राण डढेको पनि हरियो भई

जसमा लहलह हुन्छ ।

(उर्वशी, पृ. १०)

उपर्युक्त कवितांशमा स्नेहले आलिंगन गरिएका लतिकाले आवाद रहेको हरियालीमा डढेको प्राणसमेत हरियो भई लहलह हुने कुरा गरिएकाले अतिशयोक्ति अलङ्कार प्रयोग भएको छ ।

**विम्बविधान**

बिम्बविधानका दृष्टिले उर्वशी खण्डकाव्य निकै सशक्त छ । यसमा विम्बप्रयोगको सघनता पाइन्छ । विम्बको प्रयोगले यसको भाषालाई चित्रात्मक बनाएको छ, जस्तै-

सुन्दर शैशव मैले काटें
कागज डुङ्गी ख्याई,
घाँसहरूका वृक्ष उभ्याई
मट्टी महल बनाई ।   (उर्वशी, पृ. १)

उपर्युक्त पङ्क्तिहरूमा कागजको डुङ्गा बनाएर खेलेको, घाँसका वृक्षहरू उभ्याई माटाको घर बनाएर केटाकेटीहरूले शैशवकालमा खेलेका दृश्यहरू विम्बात्मक रूपमा आएका छन् । यसले भाषालाई चित्रात्मक बनाई पाठकको ध्यानाकर्षित गर्न सफल भएको छ । विम्ब प्रयोगको अर्को उदाहरण हेरौं :

अमरावतीको पुर-द्वार यही,
यै हो हाम्रो जानु,
काख मुमाको जतिकै यो छ
कोमल शीतल न्यानु १     (उर्वशी, पृ. ७)

उपुर्युक्त पङ्क्तिहरूमा अमरावतीलाई मुमाको काखजत्तिकै न्यानो मानिएको छ । यसमा प्रयुक्त अमरावती स्वर्ग वा सुख-सुविधायुक्त काल्पनिक लोक हो । यस लोकमा पुण्यकर्म गर्ने मानव आत्माले मात्र निवास गर्दछ भन्ने धार्मिक विश्वास छ । धार्मिक विश्वासप्राप्त यो काल्पनिक लोक (अमरावती) को बयान यसमा विम्बात्मक ढङ्गले गरिएको पाइन्छ । उपर्युक्त पङ्क्तिहरू पढ्दा पाठक काल्पनिक लोकमा विचरण गर्दछ ।

## प्रतीकविधान

उर्वशी खण्डकाव्यमा प्रतीकको प्रयोग प्रशस्त पाइन्छ । यसका मुख्य पात्रहरू नै प्रतीकात्मक छन् । 'उर्वशी' सुन्दरी युवती र मानवीय इच्छा-आकाङ्क्षाकी प्रतीक हुन् भने 'अर्जुन' सुन्दर युवकका साथै कर्तव्य, त्याग, संयम र साहसी व्यक्तिका प्रतीक हुन् । यसमा प्रतीकहरूको प्रयोग निम्नानुसार पाइन्छ :

| प्रतीक | अर्थ |
|---|---|
| अमृत-प्याला | कवितारूपी रस |

| | |
|---|---|
| स्वर्ग | सुख |
| दानव | दुष्ट प्रवृत्ति |
| असुर | खराब प्रवृत्ति |
| सुर | देवता/सद्गुण |
| अप्सरा | सुन्दरी युवती/नृत्यङ्गना |
| प्वाँख कटेकी ढुक्कुर | अतृप्त यौनेच्छाले तड्पिएकी उर्वशी |

**कृतिको मुख्य भाव**

यस काव्यको मुख्य भाव भ्रम सिर्जना गर्ने खालको छ । खण्डकाव्यको सुरुमा अर्जुनको संयम, त्याग र कर्तव्यका पक्षमा वकालत गरिएको छ । त्यसैले आफ्ना वैयक्तिक चाहना दबाएर संयमताका साथ कर्तव्य-पथमा अर्जुनलाई उभ्याइएको छ । सुरुमा अर्जुनलाई संयमी र त्यागी बन्न प्रेरित गर्दागर्दै पनि उपसंहार भागमा *एउटा अर्जुन नपाए त्यस्ता अरू अर्जुन पाउने आशा राखेर अघि बढ्न* उर्वशीलाई सान्तवना दिइएको छ । जीवनमा त्याग र संयम आवश्यक भए पनि जीवन त्यतिले मात्र पूर्ण नहुने हुनाले जीवनका इच्छा-आकाङ्क्षाहरूको पूर्ति आवश्यक हुन्छ भन्ने कुरालाई उपसंहार भागमा प्रमुखताका साथ राखिएको छ । यसरी हेर्दा अर्जुन कर्तव्य-पथमा लम्किएको कविको आकाङ्क्षाको प्रतीक हो भने उर्वशी स्वयं कवि हुन् । कवि सुरुमा अर्जुन बनेर देश र समाजका लागि केही गर्नुलाई कर्तव्य ठानी केही गर्न चाहन्छन् । जीवनको उत्तरार्धमा भने उनी उर्वशी बन्न विवश छन् । त्यसैले उर्वशी इच्छाहरूको प्रतीक हो भने अर्जुन त्याग र समर्पणको प्रतीक हो । कर्तव्य महत्त्वपूर्ण हो कि जीवनका इच्छा-आकाङ्क्षाहरू महत्त्वपूर्ण हुन् भन्ने कुराको निर्क्योल गर्नु मानवकै लागि कठिन कार्य हो । जीवनमा कर्तव्यहरू पनि छन् र इच्छा-आकाङ्क्षाहरू पनि छन् । त्याग र संयम आफैंमा निकै कठिन कार्य हो । काव्यको उपसंहार भागमा उर्वशीलाई सहानुभूति दिनुचाहिं *इच्छा-आकाङ्क्षाहरू पूरा गर्न कतै एक ठाउँ बाधा-अड्चन आए अन्य ढोका खुल्छन् र आफ्ना इच्छाहरू पूरा गर्नु उचित नै हो* भन्ने भाव व्यक्त गरिएको छ । समग्रमा *व्यक्तिगत इच्छा-आकाङ्क्षा र कर्तव्य-पथमध्ये जीवनमा कर्तव्य-पथले नै मानिसलाई सफलताको उचाइमा पुऱ्याउँछ भन्ने कुरा यस काव्यको केन्द्रीय कथ्य हो ।*

## निष्कर्ष र उपलब्धि

कथानक विकासका दृष्टिले यो खण्डकाव्य आदि, मध्य र अन्त्यको विन्यासक्रममा विकसित र पूर्ण देखिन्छ । यसको उपसंहार भाग भने खासै महत्त्वको छैन । यसले कविको सोचाइमा आएको परिवर्तनलाई मात्र देखाउँछ । यसअनुसार सुरुमा अर्जुनका पक्षमा उभिएर व्यक्तिगत इच्छा-आकाङ्क्षा र कर्तव्य-पथमध्ये जीवनमा कर्तव्य-पथले नै मानिसलाई सफलताको उचाइमा पुऱ्याउँछ भन्ने कुरामा केन्द्रित रहेका कवि अन्त्यमा उर्वशीका पक्षमा वकालत गर्दै जीवनमा त्याग र संयम आवश्यक भए पनि जीवन त्यतिले मात्र पूर्ण नहुने हुनाले जीवनका इच्छा-आकाङ्क्षाहरूको पूर्ति आवश्यक हुन्छ भन्ने निष्कर्षमा पुगेको देखिन्छ । पात्रविधानका दृष्टिले यो थोरै पात्र भएको काव्य हो। यसको नायक महाभारतका पात्र अर्जुन हुन् भने नायिका स्वर्गकी अप्सरा उर्वशी हुन् । यसमा अर्जुनलाई साधकका रूपमा उभ्याएर व्यक्तिगत चरित्रभन्दा माथि कर्तव्य-पथमा लागेको सामाजिक चरित्रका रूपमा प्रस्तुत गरिएको छ भने उर्वशीलाई व्यक्ति उर्वशीका रूपमा उभ्याइएको छ । अर्जुनलाई त्याग र कर्तव्यको बाटोमा हिंडेका कर्तव्यशील चरित्रका रूपमा प्रस्तुत गरिएको छ भने उर्वशीलाई व्यक्तिगत इच्छा-आकाङ्क्षा पूरा गर्ने सामान्य चरित्रका रूपमा प्रस्तुत गरिएको छ । परिवेशका दृष्टिले यो खण्डकाव्य अलौकिक र व्यापक देखिन्छ । यसले महाभारतकालीन कथालाई वर्तमान परिवेशमा उभ्याएको छ । द्वन्द्वका दृष्टिले यो काव्य निकै सशक्त देखिन्छ । यसमा त्याग र भोग अथवा व्यक्तिगत इच्छा-आकाङ्क्षा र कर्तव्यपथका बिचको द्वन्द्व छ । त्यस द्वन्द्वमा व्यक्तिगत इच्छा-आकाङ्क्षाहरू अत्यन्त प्रबल हुन्छन् भन्ने कुरा उपसंहार भागमा प्रस्तुत गरिएको छ । भाषाशैलीका दृष्टिले यो काव्य निकै उन्नत छ । मात्रा छन्द र अनुप्रासको योजनाले यसको भाषालाई लयात्मक र श्रुतिमधुर बनाएको छ । समग्रमा व्यक्तिगत इच्छा-आकाङ्क्षा र कर्तव्य-पथमध्ये मानिसलाई कर्तव्य-पथले नै उचाइमा पुऱ्याउँछ भन्ने कुरा यसको निष्कर्ष हो ।

## सन्दर्भसामग्रीसूची

अवस्थी, महादेव (२०६४), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* इन्टेलेक्चुअल बुक प्यालेस ।

गौतम, लक्ष्मणप्रसाद (२०६९), *कविताको सैद्धान्तिक विमर्श,* पाठ्यसामग्री पसल ।

जोशी, कुमारबहादुर (२०४०), *कविता चर्चा,* साझा प्रकाशन ।

थापा, हिमांशु (२०४७), *साहित्य परिचय* (तेस्रो संस्क.), साझा प्रकाशन ।

माटा, चन्द्रकला (ई.१९९८), *भारतीय एवं पाश्चात्य सौन्दर्यशास्त्र,* वाई.के. पब्लिसर्स ।

लुइटेल, खगेन्द्र (२०६०), *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

रिसाल, राममणि (२०४५), *नेपाली काव्य र कवि* (तेस्रो संस्क.), साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५४), *शब्द रचना र वर्णविन्यास,* नवीन प्रकाशन ।

श्रेष्ठ, सिद्धिचरण (२०४८), *उर्वशी* (छैटौं संस्क.), साझा प्रकाशन ।

Abrams, M.H. and Geoffrey Galt Harfam (2020), *A Glossary of Literary Terms*, (11th edn). Cengage Learning India Private Limited.

# औपन्यासिक तत्त्वका दृष्टिले *घामका पाइलाहरू* उपन्यास

नित्यानन्द खतिवडा, विद्यावारिधि
उपप्राध्यापक
नेपाली विभाग
पिण्डेश्वर विद्यापीठ, धरान
nityanandakhatiwada@gmail.com

***लेखसार***

*प्रस्तुत लेख ध.च. गोतामेद्वारा लिखित घामका पाइलाहरूको विधातात्त्विक विश्लेषणमा केन्द्रित रहेको छ । यस लेखमा उपन्यासका संरचक तत्त्व वा घटकहरू कथानक, पात्र, परिवेश, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली, शीर्षक आदिका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनबाट उपन्यासमा वीरगन्जको सामाजिक र ऐतिहासिक विषयलाई समेटिएको कथानक, कथानकलाई गति दिने पात्र, तिनको गतिशील हुने वा घटना घटित हुने परिवेशगत धरातलसमेत केलाइएको छ । यसका साथै कृतिलाई प्रभावकारी बनाउने पात्रीय संवाद, दृष्टिविन्दु, उपन्यास लेखिनाको उद्देश्य र कृतिको भाषाशैलीगत पक्षको अध्ययन विश्लेषण गर्दै उपन्यासको शीर्षक के कस्तो देखिन्छ भन्ने विषय पनि अध्ययनमा समेटिएको छ । यसरी कृतिनिर्माण गर्न संरचक घटकहरूलाई नै आधार बनाएर अध्ययन गरिएको यो कृति विधातात्त्विक दृष्टिले पूर्ण रचना भएको उत्कृष्ट रचना हो भन्ने कुरा पुष्टि भएको छ । यस अध्ययनबाट कृतिका सबै घटकहरूको अध्ययनबाट कृतिका सबै*

*घटकहरूको अध्ययन तथा विश्लेषण हुन गई पाठकलाई समग्र कृति बुझ्न सहयोग पुग्ने विश्वास गरिएको छ ।*

***शब्दकुञ्जी :*** आञ्चलिक, प्रतीकात्मक, सीमाहीन, पहिचान, प्रयोगमूलक, पर्यावरण ।

## विषय परिचय

ध.च.गोतामे (वि.सं.१९८९-२०६३) नेपाली साहित्यका सामाजिक यथार्थवादी उपन्यासकार हुन्। वास्तविक नाम धनुषचन्द्र गौतम रहेका यिनले नेपाली विषयमा एम.ए. सम्मको अध्ययन गरेका छन्। सरकारी सेवामा रहेर सेवा गरेका यिनले साहित्यका आख्यान, कविता, निबन्ध आदि विधाहरूमा कलम चलाएका छन् । उपन्यास लेखनमा विशेष रुचि भएका यिनका घामका पाइलाहरू (२०३५) र यहाँदेखि त्यहाँसम्म (२०४२) गरी दुईओटा उपन्यासहरू प्रकाशित छन् । नेपाली भाषा र साहित्य सेवाको कदर गर्दै यिनलाई मदन पुरस्कार, साझा पुरस्कारले सम्मानित गरिएको छ । यिनका उपन्यासहरूमा सामाजिक यथार्थ, ऐतिहासिक यथार्थ, आञ्चलिकता, देशप्रेम, कलात्मक भाषाशैलीजस्ता विशेषताहरू पाइन्छन् ।

उपन्यास एउटा महत्त्वपूर्ण साहित्यिक विधा हो । एउटा सुन्दर उपन्यास निर्माण हुन विभिन्न उपकरणहरू आवश्यक हुन्छन् । कथानकदेखि लिएर पात्र, परिवेश, संवाद, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली र शीर्षकसम्मका अङ्गप्रत्यङ्गहरूको समन्वयबाट उपन्यासले जीवन पाएको हुन्छ । यदि यीमध्ये कुनै तत्त्वको कमी भएमा उपन्यास लङ्गडो बन्ने हुनाले उपन्यासकारलाई उपन्यासका तत्त्वबारे राम्रो ज्ञान हुन जरुरी छ ।

घामका पाइलाहरू २०३५ सालमा प्रकाशित उपन्यास हो । पूर्वी नेपालको तराईमा देखिएका विविध समस्याहरूको यथार्थ चित्रण गरेको उपन्यासले रेल यातायातको विकाससँगै त्यसले पारेको सकारात्मक र नकारात्मक अवस्थालाई प्रस्तुत गरेको छ । २००७ सालपूर्वको राणाशासन र त्यसको प्रभाव तथा दोस्रो विश्वयुद्धको प्रभावलाई देखाएको उपन्यासले तराईमा मान्छेहरू बसाइँ सर्ने कारण र परिणाम, विविध धर्म, संस्कृति, भाषा भएर पनि एकताबद्ध भएर बसेका, मधेश सधैं हेपिनाको कारण, अन्नको भण्डार भएर पनि आफैं अभाव, भत्कोस्, शोषण, अन्याय र अन्धविश्वासमा जकडिनाको कारण पनि यहाँ पाइन्छ । उपन्यासमा खासगरी वीरगन्ज आसपास रेलको थालनी भए पनि त्यसको सञ्चालनार्थ विदेशी गुहार्नुपर्ने बाध्यता, दुर्गानाथ, पीताम्बर, पवन, अमलेन्दु र

द्वारिकाहरूको पारिवारिक सम्बन्धका कथाव्यथाहरूको केन्द्रीयतामा तराईको ज्यूँदो तस्विर खिचिएको छ । उपन्यासकार ध.च. गोतामेको सामान्य परिचय दिँदै उपन्यासका तत्त्वबारे सङ्क्षिप्त अध्ययनसहित औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यासको विश्लेषण यस लेखको मुख्य विषय र उद्देश्य हो ।

## समस्या कथन

'औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू' शीर्षकीय यस लेखमा उपन्यासका तत्त्वहरू के के हुन् ? र औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यास के कस्तो देखिन्छ ? भन्ने दुईओटा मुख्य समस्यालाई लिएर उद्देश्यतर्फ केन्द्रित हुने कार्य भएको छ ।

## उद्देश्य कथन

समस्याकथनमा उठान गरिएका उपन्यासका तत्त्वहरूबारे सङ्क्षेपमा चर्चा गर्नु तथा औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यासको चर्चा गरी निष्कर्षमा पुग्नु नै यस लेखको खास उद्देश्य हो ।

## अध्ययनको सीमा

नेपाली साहित्यमा प्रचलित उपन्यासका तत्त्वहरूको सङ्क्षेपमा चर्चा गर्नु तथा ध.च. गोतामेका दुईओटा उपन्यासहरूमध्ये घामका पाइलाहरू उपन्यासमा केन्द्रित भई औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गर्नु यस लेखको सीमा हो ।

## अध्ययन विधि

प्रस्तुत कृतिको अध्ययन तथा विश्लेषणका लागि उपन्यासको विधातात्त्विक सिद्धान्त अवलम्बन गरिएको छ र पद्धति निगमनात्मक रहेको छ । सैद्धान्तिक आधार स्पष्ट पार्नका लागि यस उपन्यासको सिद्धान्तबारे लेखिएका पुस्तक तथा लेख रचनाहरूबाट सामग्री सङ्कलन गरिएको छ । यसमा मूलतः प्राथमिक र द्वितीयक गरी दुई प्रकारका सामग्रीहरू सङ्कलन गरिएका छन् । यसको प्राथमिक सामग्री विवेच्य कृति घामका पाइलाहरू हो भने उपन्यासका बारेमा लेखिएका सैद्धान्तिक पुस्तक र लेख रचनाहरू यसका द्वितीयक सामग्रीहरू हुन् । सामग्री सङ्कलनका लागि यसमा पुस्तकालयीय विधिको पालना गरिएको छ र यिनै सामग्रीको उपयोगबाट कृतिको अध्ययन तथा विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको कृतिपरक रहेको छ ।

## पूर्वकार्यको विवरण

दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०३४) ले *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास* शीर्षकीय इतिहासपरक ग्रन्थमा २०३० पछिका नेपाली उपन्यासहरूको ऐतिहासिक विवरण दिने क्रममा ध.च. गोतामेको घामका पाइलाहरू उपन्यासको चर्चा गरेका छन् । गोतामेले परम्परागत लेखनभन्दा नवलेखनको बाटो तय गर्दै आफ्नो युगको स्थिति, सांस्कृतिक परम्परा र सूक्ष्म मानसिक चेतनालाई व्यक्त गरेका छन् भन्ने विचार लेखकहरूको पाइन्छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* शीर्षकीय ग्रन्थमा उपन्यासको सिद्धान्तसँगै केही उपन्यासहरूको पनि विश्लेषण गरेका छन् । उपन्यासमा कथानक, चरित्र, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक बिम्ब, गति र लय गरी आठओटा तत्त्व रहन्छ भन्ने विचार लेखकहरूको रहेको छ । यसै क्रममा ध.च. गोतामेको घामका पाइलाहरू उपन्यासको सङ्क्षिप्त चर्चा गर्दै यस उपन्यासमा नेपाली र भारतीय सभ्यताको जोडाइ, नेपालमा रेलवेको निर्माण हुँदै गर्दाको प्रसङ्ग तथा तराईको वीरगन्जको सामाजिक, शैक्षिक, सांस्कृतिक र आर्थिक पक्षको यथार्थ चित्रण रहेको विचार यस पुस्तकमा पाइन्छ ।

सम्पादक कृष्णचन्द्रसिंह प्रधान (२०५८) ले *साझा समालोचना* ग्रन्थमा नेपाली उपन्यास परम्पराको चर्चा गर्ने प्रसङ्गमा ध.च. गोतामेको घामका पाइलाहरू उपन्यासबारे पनि सङ्क्षेपमा चर्चा गरेका छन् । सात सालअघिको पृष्ठभूमिमा सामाजिक जीवनको यथार्थता परिशीलन गर्दै आदर्श र मूल्यान्वेषण गर्ने कार्य गोतामेका उपन्यासले गरेका छन् भन्ने निष्कर्ष सम्पादक प्रधानको रहेको छ ।

कृष्णप्रसाद दाहाल (२०६०) ले *नेपाली उपन्यास शतवार्षिकी स्मारिका* ग्रन्थमा 'द्वन्द्व संरचनाका आधारमा सय वर्षभित्रका केही उपन्यासहरूको अध्ययन' शीर्षकको लेखमा गोतामेका उपन्यासहरूमा जुनसुकै सभ्यता र संस्कृतिलाई जीवनमा उतार्नु पर्ने सन्देश तथा शोषक र शोषितबिच, आदर्श र यथार्थबिचको द्वन्द्वलाई कलापूर्ण रूपमा देखाइएको भनेर उपन्यासकार गोतामेका औपन्यासिक प्रवृत्तिबारे चर्चा गरेका छन् ।

खेम दाहाल (२०६४) ले *गरिमा* पत्रिकामा 'ध.च. गोतामेका उपन्यास : एक चर्चा' शीर्षकको लेखमा नेपाली आख्यान साहित्यमा विशेष योगदान दिएका गोतामेको घामका पाइलाहरू उपन्यासमा

नेपाली समाजको यथार्थ जीवनको चित्रण, आञ्चलिक जीवनशैली, कलात्मक भाषाशैलीको प्रयोग रहेको छ भन्ने विचार प्रस्तुत गरेका छन् ।

प्रस्तुत अध्ययनमा पूर्वकार्यका क्रममा विद्वान्हरूले कतिपय सन्दर्भमा उल्लेख गरेका उपन्यासकार गोतामे, उपन्यासका तत्त्वहरू तथा घामका पाइलाहरू उपन्यासविषयक चिन्तनलाई समेत लिएर कृतिको गहन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## विषय विश्लेषण

### उपन्यासका तत्त्वहरूबारे सङ्क्षिप्त चर्चा

उपन्यासरूपी शरीर निर्माण गर्न अत्यावश्यक घटकहरूलाई उपन्यासका तत्त्व भनिन्छ । जसरी मानव शरीरको निर्माणमा विभिन्न अङ्गहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्, त्यसरी नै उपन्यासको निर्माण गर्न नभइनहुने घटकहरूलाई तत्त्व भनिन्छ । उपन्यासको निर्माण तत्त्वहरूको सहयोगमा हुन्छ । उपन्यासको स्वरूप निर्माणमा सहयोगी भएका कारण आधुनिक समालोचनाले यिनलाई तत्त्वभन्दा उपकरणका रूपमा लिएको पाइन्छ । उपन्यासमा कति तत्त्व रहन्छन् भन्नेबारे चिन्तकहरूले विभिन्न धारणाहरू प्रस्तुत गरेका छन् । कसैले कथानक, पात्र, संवाद, देश, काल र वातावरण, भाषाशैली र उद्देश्यलाई उपन्यासका तत्त्व मानेका छन् भने कसैले दृष्टिविन्दु, प्रतीक र बिम्ब तथा गति र लयलाई पनि तत्त्व मानेका छन् । यहाँ परम्परादेखि चलिआएका र नेपाली साहित्यमा प्रचलित कथानक, पात्र, संवाद, भाषाशैली, उद्देश्य, दृष्टिविन्दु र वातावरण आदि तत्त्वहरूलाई आधार मानेर निष्कर्षमा पुगिएको छ ।

***कथानक -*** कथानक उपन्यासको पहिलो तर महत्त्वपूर्ण तत्त्व हो । उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा नै कथानक हो । उपन्यासमा आएका घटनाहरू कार्यकारण सम्बन्धमा व्यवस्थित भएर आएका हुन्छन् । यहाँ उपन्यासकारको बुद्धि र स्मृति पनि प्रयोग भएको हुन्छ । अब के होला ? भन्ने कौतूहलको सिर्जना गरी रहस्यमय ढङ्गमा सूत्र वा साङ्लामा बाँधेर विस्तारै अघि बढाइएको कथानक प्रभावकारी हुन्छ । कथावस्तु उपन्यासको कच्चा सामग्री हो र कथानकचाहिँ कच्चा सामग्रीबाट निर्मित आकर्षक वस्तु हो । उपन्यासमा कथानकको क्रम आदि, मध्य र अन्त्यको श्रृङ्खलामा बाँधिएको हुनुपर्छ र यसमा पात्रहरूको द्वन्द्व, क्रियाकलापहरू शिष्ट ढङ्गमा आएको हुनुपर्छ । कथानक जति राम्रो भयो त्यति नै प्रभावकारी हुने कारण उपन्यासका तत्त्वमध्ये यसलाई

धेरै महत्त्व दिइएको हो । उपन्यासमा विभिन्न स्रोतबाट कथावस्तु लिन सकिन्छ । यसका मुख्य स्रोतहरू इतिहास, समाज, धर्म, राजनीति, पुराकथा, स्वैरकल्पना, मनोविज्ञान आदि हुन सक्छन् । कथानकको ढाँचाका आधारमा उपन्यासहरू सरल वा रैखिक, वृत्ताकारीय वा गोलो हुन्छन् भने प्रकारका दृष्टिले उपन्यास मुख्य र सहायक हुन्छन् । त्यस्तै अन्त्यका दृष्टिले उपन्यास सुखान्त र दुःखान्त (बराल र एटम, २०५६ : २७) हुन सक्छ ।

***पात्र वा चरित्र -*** प्रस्तुत उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व पात्र वा चरित्र हो । उपन्यासका घटनाक्रमलाई अघि बढाउन माध्यम बनेर आएका व्यक्ति वा वस्तु नै पात्र हुन् । उपन्यासका पात्रहरू विषयवस्तु सुहाउँदा, सजीव र अर्थपूर्ण हुनुपर्दछ । अनावश्यक पात्रहरूको भीडले उपन्यास राम्रो हुँदैन। तसर्थ उपन्यासमा घटना, विषय र परिवेश सुहाउने पात्रको चयन गर्नु पर्दछ । उपन्यासमा मानवीय-मानवेतर, गतिशील-गतिहीन, यथार्थ-आदर्श, अन्तर्मुखी-बहिर्मुखी, गोला-च्याप्टा, सार्वभौम-आञ्चलिक, पारम्परिक-मौलिक, पात्रहरूको प्रयोग पाइन्छ । त्यस्तै पुलिङ्ग र स्त्रीलिङ्ग (लिङ्गका आधारमा), प्रमुख, सहायक र गौण (भूमिकाका आधारमा), अनुकूल र प्रतिकूल (स्वभावका आधारमा), वर्गीय र व्यक्तिगत (वर्गका आधारमा), मञ्चीय र नेपथ्य (मञ्चीयताका आधारमा) र बद्ध र मुक्त (आबद्धताका आधारमा) गरी विभिन्न प्रकारका पात्रहरू उपन्यासमा आएका हुन्छ् । मनोवैज्ञानिक उपन्यासमा पात्रको चरित्रलाई मुख्य स्थान दिइएको हुन्छ भने यथार्थवादी उपन्यासमा चरित्रभन्दा तिनले गराउने घटना वा क्रियाकलापलाई महत्त्व दिइएको हुन्छ । जुनै प्रकारको भए पनि पात्रका कारण उपन्यास सफल र असफल हुने कारण उपन्यासमा यसलाई विशेष जोड दिइएको हुन्छ ।

***संवाद वा कथोपकथन-*** संवाद पनि उपन्यासको एउटा महत्त्वपूर्ण उपकरण हो । उपन्यासका पात्रहरूबिचको कुराकानीलाई नै संवाद वा कथोपकथन भनिन्छ । संवादको मुख्य कार्य भनेकै चरित्रको चित्रण गर्दै घटनाहरूलाई नाटकीकरणसहित अघि लैजानु हो । कथानकमा रोचकता थप्नलाई उपन्यासकारले विभिन्न समस्या, द्वन्द्व, रसरङ्ग आदि जोडेको हुन्छ । संवादले कथानकमा आउने घटना र कार्यव्यापारलाई जोड्ने सेतुको कार्य गरेको हुन्छ । उपन्यासमा प्रयुक्त संवाद कथानक, परिवेश र पात्र सुहाउँदो सरल वा स्तरीय, रोचक, सङ्क्षिप्त, नाटकीय आदि हुनसक्छ । एकोहोरो वर्णन हुनबाट जोगाउन तथा पाठक वा भावकसँग जोड्नका लागि पनि उपन्यासको संवादलाई महत्त्व दिने गरिन्छ ।

***परिवेश वा पर्यावरण*** - उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्वअन्तर्गत परिवेश वा पर्यावरण पनि पर्दछ । उपन्यास मुख्य रूपमा घटित भएको स्थान, समय र परिस्थिति वा प्रभावलाई परिवेश भनिन्छ । उपन्यासमा स्पष्ट रूपमा देश, काल र वातावरण आएको हुन्छ । पात्रहरू स्वदेश वा विदेश, गाउँ, सहर वा पहाड कुन ठाउँका हुन् देखाएको हुन्छ भने भूत, वर्तमान र भविष्यमध्ये कुनै समय पनि जोडिएको हुन्छ । कुन वातावरणमा पात्र र तिनका कियाकलापहरू सञ्चालित छन् भन्ने कुरा यहाँ आएको हुन्छ । यसअन्तर्गत पात्रहरूको बोलीचाली, रहनसहन, आनीबानी, संस्कार, संस्कृति समेटिएको हुन्छ । यो उपन्यासको विश्वसनीयतासँग जोडिएको हुन्छ । उपन्यासमा आएको परिवेश जति सरल, सहज र स्वभाविक भयो त्यति नै उपन्यास विश्वसनीय हुने कारण उपन्यासमा यसलाई पनि महत्त्व दिने गरिन्छ ।

***उद्देश्य वा विचार*** - उद्देश्य वा विचार पनि उपन्यासको एउटा महत्त्वपूर्ण अङ्ग हो । उपन्यासकारले उपन्यासका माध्यमबाट पाठकलाई दिन खोजेको सन्देश नै उद्देश्य हो । उपन्यासकारले उपन्यासको मूल विचारलाई सामान्यीकरण गरेर पाठकसमक्ष प्रस्तुत गरेको हुन्छ । संसारमा विना उद्देश्य कुनै काम नभएजस्तै उपन्यास लेखनको पनि कुनै न कुनै उद्देश्य रहेको हुन्छ। उद्देश्यलाई जीवनदर्शन वा सारवस्तु पनि भन्ने गरिन्छ । उपन्यासकारले आफ्नो कुरा सिधै नभनेर पात्रका माध्यमबाट घुमाउरो तरिकाले विचारको सम्प्रेषण गरेको हुन्छ । उपन्यासमा सत्य उद्घाटन गर्ने, अनुभूतिको प्रस्फुरण गर्ने, समाजसुधार गर्ने, उपदेश प्रदान गर्ने, मनोरञ्जन प्रदान गर्ने, यथार्थको बोध गराउनेजस्ता उद्देश्यहरू रहेका हुन्छन् ।

***भाषाशैली*** - उपन्यासलाई परिपक्व बनाउने एउटा तत्त्व भाषाशैली पनि हो । भाव वा विचारलाई पाठकसमक्ष पुऱ्याउने माध्यम भाषा हो भने प्रस्तुतिको तरिकालाई शैली भनिन्छ । उपन्यास भाषाबाट प्रस्तुत हुने साहित्यिक कला भएकाले यसको ठूलो महत्त्व रहेको छ । उपन्यासमा कथानक, पात्र, परवेश, उद्देश्य आदि सोभ्कै देख्न सकिदैन ती भाषाका माध्यमबाट चित्रित हुन्छन् (बराल र एटम, २०५३ : ४१) । उपन्यास एउटा साहित्यिक विधा भएका हुनाले यसमा सामान्य नियमलाई तोडेर विशिष्ट प्रकारको भाषा प्रयोग गरिन्छ । सरल भइकन पनि विचलित पदकक्रम भएको भाषाको

प्रयोगले उपन्यासको सौन्दर्य अझ बढ्छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरू पनि उपन्यासमा प्रयुक्त हुन्छन् । उपन्यासमा पात्रको स्तरअनुसार स्तरीय र सामान्य भाषाको प्रयोग हुनसक्छ । शैली उपन्यासको ढाँचा निर्माण गर्ने तरिका हो । उपन्यासलाई कसरी अघि बढाउने भन्ने विषय यससँग जोडिएको हुन्छ। भाषा सरल वा जटिल कस्तो छ त्यसआधारमा शैलीको निर्माण गरिन्छ । उपन्यासमा प्राय : वर्णनात्मक, आलङ्कारिक, नाटकीय आदि शैलीको प्रयोग प्रयोग गरिएको हुन्छ । विभिन्न बिम्ब, प्रतीकहरूको प्रयोगले जटिल भाषा उत्पन्न हुन्छ तर त्यसबेला उपन्यासको शैली पनि केही अमूर्त बन्न पुग्दछ । तर उपन्यासमा सकेसम्म सरल भाषा र शैलीको प्रयोग गर्नु वाञ्छनीय हुन्छ ।

***शीर्षक -*** शीर्षकलाई पनि उपन्यासको तत्त्व मानिन्छ । उपन्यासको आन्तरिक संरचनामा खासै भूमिका नभए पनि बाह्य संरचनामा यसको महत्त्व देखिन्छ । आधुनिक औपन्यासिक सिद्धान्तमा शीर्षकलाई अनिवार्य तत्त्व नस्वीकारिए पनि उपन्यासको पहिचानसँग जोडिएका कारण यो पनि महत्त्वपूण उपकरण बनेको हुन्छ । उपन्यासको शीर्षक छोटो, छरितो र आकर्ष हुनुपर्छ । समग्र कथानक, पात्र, परिवेश आदिलाई सुहाउँदो गरी शीर्षक चयन गर्नुपर्दछ । उपन्यासको विषयवस्तु वा पात्रलाई आधार मानेर शीर्षक राखिएको पाइन्छ । शीर्षक आफैंमा अर्थपूर्ण र प्रभावकारी हुनु जरुरी छ । शीर्षक हेरेर नै रचनाबारे अनुमान गरिने कारण अन्य रचनाको जस्तै उपन्यासको शीर्षकले पनि एउटा प्रभाव पारेको हुन्छ । त्यसैले उपन्यास रचना गर्दा शीर्षकलाई पनि जोड दिइएको हो । उपन्यासका शीर्षकहरू प्रतीकात्मक, सङ्केतात्मक वा प्रयोगमूलक पनि रहन सक्छन् । शीर्षकलाई अनिवार्यभन्दा पनि ऐच्छिकअन्र्तग राख्न सकिने विचार कतिपय चिन्तकहरूको पाइन्छ ।

**औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यास**

प्रस्तुत शीर्षकमा औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यासको अध्ययन गरिएको छ ।

***कथानक -*** उपन्यासकार ध.च. गोतामेको २०३५ सालमा प्रकाशित तथा मदन र साझा पुरस्कार पाउन सफल घामका पाइलाहरू उपन्यासमा सामाजिक यथार्थलाई मुख्य आधार बनाउँदै नेपालको पूर्वी तराईमा अवस्थित वीरगन्ज र सो आसपासका ठाउँहरूको वस्तुस्थिति र मानिसहरूको वास्तविक जीवन भोगाइलाई उतारिएको छ । यो उपन्यास नेपालमा रेल यातायातको ऐतिहासिक

दस्तावेज हो । रेल आगमनसँगै फेरिएको सहरको रूपरङ, चालचलन र समाजको यथास्थितिको चित्र यहाँ पाइन्छ । नेपालमा २००७ सालको प्रजातन्त्र आगमनपूर्वको झलकसँगै प्रथम विश्वयुद्धको समाप्ति र दोस्रो विश्वयुद्धपूर्वको समयावधिलाई उपन्यासले आत्मसात् गरेको छ । नेपालमा रेलवेको विकास सन् १९२७ मा चन्द्रशमशेरको पालामा अङ्ग्रेजहरूले गरेका थिए । नेपालका वनपैदावर भारतमा ओसार्ने प्रयोजन रहे पनि पछि वा सकिँदै गएपछि र जनसङ्ख्या बढ्दै गएपछि उक्त रेल मान्छे बोक्ने साधन बनेको थियो । उक्त रेलको केन्द्रविन्दु तराईको वीरगन्ज बनेको थियो। यही रेलको व्यवस्थापनका लागि भारतबाट ल्याइएका अमलेन्दु भट्टाचार्य, काठमाडौंबाट आएका रेलवे डाक्टर, स्टेसन मास्टर, श्रीवास्तव, गार्ड रमानाथ, रेलवेमा पान बेच्ने गणेशी, देवशमशेरले सर्वस्वहरणसहित निस्कासन गरिएका पण्डित दुर्गानाथ, छोरो पीताम्बर, बुहारी रम्भा, नाति पवन र भारतबाट भूमिगत जीवन बिताउन नेपाल पसेका कान्तिकारी योद्धा द्वारिकाको जीवनका आरोहअवरोहजन्य सङ्घर्षका कथा उपन्यासको कथानकमा समेटिएका छन् । यी सबै पात्रहरूको सम्बन्ध प्रत्य परोक्ष रूपमा रेलसँग जोडिएको छ ।

द्वारिका र पवनका प्रसङ्गबाट थालिएको उपन्यासमा पवनका हजुरबुबा पं.दुर्गानाथ, पिता पीताम्बर र आमा रम्भा वीरगन्जमा आएर बसेका छन् । यिनीहरू दुर्गानाथको दमको र रम्भाको पाठेघरको उपचार गराउन बाराको एउटा गाउँबाट वीरगन्जमा आई डेरा गरेर बसेका छन् । यिनीहरूको आम्दानीको पीताम्बरको मासिक तीस रूपैंया आउने तलब रहेको छ । पवन भने द्वारिकाप्रसादसँग बसेर अध्ययन गरिरहेको छ । वीरगन्जमा रेल यातायात सुरु भइसकेको छ र त्यसको सञ्चालनको जिम्मा अमलेन्दुले पाएका छन् । उनीसँग छोरी अणु पनि रहेकी छन् । विस्तारै यी तिन परिवारको हिमचिम बढ्दै जान्छ भने पवन र अणु पनि नजिक हुन्छन् । उता अस्पतालमा रम्भाको पाठेघरको अप्रेसन सुरु हुन्छ भने दुर्गानाथको दम पनि बढ्दै जान्छ । डाक्टर र श्रीवास्तवबिच खटपट हुन्छ भने गणेशीले डाक्टर तह लगाउने भन्दै अनेकन क्रियाकलाप गर्दछ । उता अमलेन्दु मुटुको रोग बढेपछि रमानाथले रेलवेको रेखदेख गर्दछ भने अमलेन्दु निको भएपछि आफ्नो कामा फर्कन्छन् । साहुको कालो धन्दामा नलागेका कारण पीताम्बरको नोकरी सकिन्छ भने पोखरीमा डुब्न पुगेकी रम्भाको द्वारिकनाथद्वारा उद्धार गरिन्छ । यसपछि यी दुईको सम्बन्ध दाजुबहिनीका रूपमा विकास हुन्छ । यही क्रममा तमाखुको अधिक सेवनले पं.दुर्गानाथको मृत्यु हुनपुग्दछ । बाबुको मृत्युपछि पीताम्बर र रम्भा आफ्नै गाउँ फर्कन्छन् भने पवन द्वारिको संरक्षणमा

त्यहीँ बसेर पढाइमा लाग्दछ । यस कुराले अणु र अमलेन्दुसमेत खुसी हुन्छन् । यही अवस्थामा पुगेर उपन्यासको कथानक समाप्त भएको छ ।

उपन्यासको कथानक पहाड र उपत्यकालाई मधेशसँग जोड्ने सेतु बनेको छ । उद्योग कलकारखाना र अन्नको भण्डार भएकाले मधेश समग्र नेपालकै मुटु साबित भएको छ । यति हुँदाहुँदै पनि यहाँ अभाव, गरिबी, अशिक्षा, अन्धविश्वास आदिले गाँजिरहेको यथार्थ यहाँ चित्रण गरिएको छ । उपन्यासको कथानक सरल देखिँदैन । पात्रले विगतका स्मृतिहरू दोहोऱ्याइरहन्छ । दुर्गानाथ बाजेका राणाकालीन शासकले दिएको ताडना ऐतिहासिक सन्दर्भ बनेर आएको छ भने पहाडमा दुःख भएपछि मधेशतिर सरेको सन्दर्भ पनि यहाँ पाइन्छ । उपन्यासमा मधेशका पहिचान बनेका घाम, गर्मी, घमौरा, हिलो, धुलो, सर्प, मच्छड आदिबाट उत्पन्न समस्याको सूक्ष्म चित्रण गरिएको छ । व्यापारका नाममा हुने कालाबजारी, हजुरबुबा, बुबा र नाति पुस्ताको सम्बन्धका विभिन्न पक्षहरू, अभाव, भत्कोस्, प्राकृतिक विपत्तिहरू, विविध कारणले मनमा आउने निराशाजन्य घटनाहरू उपन्यासको कथानकमा समेटिएका छन् ।

उपन्यासले विभिन्न विषय र क्षेत्रलाई समेटे पनि केन्द्र भने दुर्गानाथ बाजे र उनको परिवार नै बनेको छ । मधेशमा बस्ने निम्न मध्यमवर्गीय पहाडी समुदायमध्ये उनी शिक्षित, इमान्दार, मिलनसार देखिन्छन् । भारतीय मूलका व्यक्तिहरूसितको सुमधुर सम्बन्धले यिनको सबैसँग मिल्नसक्ने स्वभावलाई देखाइएको छ । सबैसामु परिचित र सम्मानित, इमान्दार र बौद्धिक व्यक्तित्वको निधनबाट सबै निराश बनेका छन् । उपन्यासमा सबैको भलो होस् भनिएको छ । खासगरी मधेशमा रहेको रोग, भोक, अशिक्षा, गरिबीको जरैदेखि उन्मूलनको चाहनामा सरकारको मधेशलाई हेर्ने दृष्टिकोण सकारात्मक बन्न नसकेकाप्रति असन्तुष्टिको भावसमेत कथानकमा समेटिएको छ ।

***पात्र वा चरित्र*** **-** घामका पाइलाहरू बहुपात्रीय उपन्यास हो । यसमा पं.दुर्गानाथ, पीताम्बर, रम्भा, पवन, अमलेन्दु भट्टाचार्य, अणु, पार्वती दिदी, द्वारिका, पानवाल गणेशी, स्टेसन मास्टर, श्रीवास्तव, गार्ड रमानाथ, रेलवे डाक्टर र डाक्टर्नी, थानेदार सेठ, गङ्गादत्त, मुसलमान, ड्राइभर, मुहम्मदलगायतका मुख्य पात्रहरू रहेका छन् । त्यस्तै अन्य पात्रहरूमा भोला हलुवाई, होटलवाला पण्डित, बङ्गाली होटल मालिक, पोस्टम्यान रामप्यारे, सुखदेव सुनार, जमिन्दार, कामदारहरू, डाक्टरका नोकर, नोकर्नी, जितु, आइमाईहरू, पानी पाँडे आदि रहेका छन् । कुराकानीका क्रममा

शमशेरहरू, रेल यात्रीहरू, कुल्ली कामदारहरू, पसलेहरू, पवनका साथीभाइहरू पनि आएका छन् । यी विभिन्न पात्रहरूमध्ये यहाँ प्रमुख पात्रहरूको मात्र विश्लेषण गरिएको छ ।

*पण्डित दुर्गानाथ* - पण्डित दुर्गानाथ घामका पाइलाहरू उपन्यासका प्रमुख पुरुष पात्र हुन् । यिनी नवीन सोचाइ भएका पुरानो पुस्ताको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण पात्र हुन् । उच्च ललाट, गोरो उज्यालो अनुहार भएका यिनी आत्मसन्तोषी तर दमका रोगी रहेका छन् । ७५ वर्षका यिनी सुरुम देव शमशेरका दरबारिया पण्डित थिए तर देव शमशेरसँगै दरबारबाट निष्काषित भई धनकुटा पुगेपछि मधेशका बासिन्दा भएका थिए । सुरुमा सम्पन्न तर पछि विपन्न बनेका यिनमा सच्चा इमान्दार, कर्तव्यनिष्ठ, सहनशील र त्यागजस्ता प्रवृत्तिहरू पाइन्छन् । देशभक्तिको कट्टर भावना भएका यिनी उदार र सहृदयी छन् । उच्च बौद्धिक क्षमताका धनी यिनमा मधेशप्रति सकारात्मक भावना देखिन्छ । समान विकास हुनुपर्छ भन्ने यिनी नयाँ पुस्तालाई स्वतन्त्रता दिनुपर्छ भन्ने विचार राख्दछन् । धैर्य गर्नसक्ने यिनी उपन्यासका स्थिर र सत् पात्र हुन् । उपन्यासको सामाजिक सद्भाव र एकताको सन्देश दिन आयोजित पात्रका रूपमा यिनको भूमिका देखिन्छ ।

*पीताम्बर* - पीताम्बर घामका पाइलाहरू उपन्यासका सहायक पुरुष पात्र हुन् । पं.दुर्गानाथका छोरा, रम्भाका श्रीमान् र पवनका पिताको भूमिकामा देखिएका यिनी इमान्दारपूर्वक काम गर्ने श्रमजीवी पात्र हुन् । न्यून तलबमा पनि इमान्दारीपूर्वक काम गर्ने यी पात्रमा स्वाभिमानी प्रवृत्ति पाइन्छ । अन्याय सहन नसक्ने यी पात्रमा सम्पत्तिका कारण बुबासँग राम्रो सम्बन्ध देखिँदैन । पत्नीलाई गाली गर्ने, झर्किने र घरको जिम्मेवारी कुशलतापूर्वक वहन गर्न नसक्ने गैरजिम्मेवार प्रवृत्तिसमेत पाइने पीताम्बर पवनलाई उचित स्नेह प्रदान गर्न असमर्थ रहेका छन् । स्वाभिमानसँगै अभिमान पनि बोकेका पीताम्बरमा निराशा, छटपटी र कमजोर मनस्थिति पाइन्छ । अन्तर्मुखी स्वभाव भएका पीताम्बर सहरलाई स्वार्थी ठानी गाउँमै फर्कन चाहने पात्रका रूपमा उपन्यासमा आएका छन् ।

*अमलेन्दु भट्टाचार्य (लोकोबाबु)* - अमलेन्दु भट्टाचार्य यस उपन्यासका अर्का महत्त्वपूर्ण सहायक पात्र हुन् । अङ्ग्रेजी खानपान र रहनसहन भएका अमलेन्दु बेलायतमा रेल विषय पढेर आएका इन्जिनियर हुन्। भारतमा घर भएर पनि नेपाललाई कर्मथलो बनाएका अमलेन्दुमा मानवतावादी, सहयोगी,

निष्पक्ष, कुशल प्रशासकजस्ता प्रवृत्तिहरू पाइन्छन् । उच्च वर्गको प्रतिनिधित्व गर्ने स्थिर र सत् पात्रका रूपमा उपन्यासमा देखिएका अमलेन्दुले नेपालमा रेल समभव छ भनेर सर्भेसँगै त्यसको व्यवस्थापनको कार्यसमेत गरेर रेल कुदाएका छन् । तसर्थ उपन्यासको विकासमा अमलेन्दुको भूमिका पनि अर्थपूर्ण रहेको पाइन्छ ।

*पवन* - पवन घामका पाइलाहरू उपन्यासको प्रमुख पुरुष पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै यस पात्रको भूमिका रहेको देखिन्छ । नायक पात्रका रूपमा प्रस्तुत पवन पं.दुर्गानाथको नाति, पीताम्बर तथा रम्भाको छोरा र अणुको प्रेमी बनेको देखिन्छ । नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने यस पात्रको अध्ययनमा विशेष रुचि रहेको पाइन्छ । हजुरबुबासँग सुमधुर सम्बन्ध भएको पवनको बुबा पीताम्बरसँग भने राम्रो सम्बन्ध देखिँदैन । बालसुलभ चञ्चलता र जिज्ञासु रहेको पवन घरको आर्थिक अवस्थाका कारण पढाइमा असर पुग्ने देखेर सहरमा नै बसेर पढिरहेको छ । चलाख र बुद्धिमान् यो पात्र ट्युसन पढाएर भए पनि परिवारलाई सहयोग गर्दछ । लजालु तर प्रतिभाशाली यो पात्र पनि उपन्यासको सत् भूमिकामा देखिएको स्थिर चरित्र हो । दया, माया, करुणा, संवेग भएको यस पात्रमा तार्किक शक्तिसँगै व्यावहारिक ज्ञान पनि पाइन्छ । पढाइलाई प्राथमिकता दिने साहसी र उच्च सोच भएको पवनकै केन्द्रीयतामा यो उपन्यास घटित भएकाले उपन्यासको केन्द्रीय पात्र बन्न पुगेको छ ।

***परिवेश*** - घामका पाइलाहरू मुख्यतः पूर्वी तराईको परिवेशलाई समेटेर लेखिएको उपन्यास हो। उपन्यासको आधारभूमि यही हो भनेर यकिन नगरिए पनि रेल चल्ने स्थान, सिमरा, परवानीपुर, जितपुर, भारतको सीमानाजस्ता ठाउँहरू प्रत्यक्षतः वर्णनमा आएका हुनाले वीरगन्ज हो भन्ने अड्कल लगाउन सकिन्छ । उपन्यासमा कुराकानीको प्रसङ्गमा तराई बाहेक काठमाडौं, धनकुटा, कलकत्ता, रम्भाको माइती, पीताम्बरको गाउँ, अमलेन्दुको घर आदि स्थानहरूको वर्णन गरिएको छ । उपन्यासको स्थलगत परिवेशका बारेमा उपन्यासमा यस्तो उल्लेख पाइन्छः

“यो बस्ती सहर र गाउँको दोसाँधमा झुन्डिएको बस्ती हो । यसमा गाउँ छाड्ने छटपटी र सहर ओढ्ने तीव्र आकाङ्क्षा छ, जसबाट यहाँ न गाउँ बिलाएको थाहा पाइन्छ न सहर उदाएको भान हुन्छ । गाउँ र सहर दुवैको तत्त्व यहाँ छ्यासमिस भएकाले गाउँबाट आउनेले यसलाई सहर र सहरबाट आउनेले यसलाई गाउँ भन्दछन् (गोमे, २०३५ : ५)।”

२०३५ सालमा लेखिएको उपन्यास भएकाले तत्कालीन समाजको यथार्थ तस्विर यहाँ पाइन्छ। ग्रामीण सामाजिक परिवेशप्रति विशेष मोह व्यक्त भएको उपन्यासमा चाडपर्व, पूजाआजा, आदि स्थानीय संस्कृतिको झल्को पनि पाइन्छ । उपन्यासमा पूर्वस्मृतिका रूपमा २००७ सालपूर्व नेपालका राणाशासनका गतिविधिहरू, पहिलो विश्वयुद्धपछि र दोस्रो विश्वयुद्धपूर्वको सन्त्रासमय वातावरण परिवेश बनेर आए पनि प्रत्यक्ष वर्णित समय भने १३ वर्षको देखिन्छ । .दुर्गानाथ बाजे डेरा बस्न आएदेखि मृत्यु भएसम्मको समय नै उपन्यासले लिएको समयावधि हो । उपन्यासमा तीन पुस्ताका सामाजिक जीवन र अवस्थाबारे प्रकाश पारिएको छ । दुर्गानाथ, पीताम्बर र पवनले त्यसलाई बुझाएका छन्। अणु र पवनको सम्बन्धले विस्तारै अन्तराष्ट्रिय स्थान पाउँदै गएको देखिन्छ भने तराईमा स्वास्थ्य, शिक्षा, रोजगारी र विकास अझसम्म पनि हुन नसकेको तितो यथार्थ पनि यहाँ उपन्यासमा चित्रित रहेको छ । अन्नको भन्डार र उद्योगको केन्द्र भएर पनि निम्नवर्गीय सामाजिक जीवनको दयनीय अवस्थालाई उपन्यासले देखाएको छ भने राणाहरूको भोगविलास प्रवृत्तिलाई पनि सङ्केत गरेको छ । उपन्यासले सामाजिक, सांस्कृतिक, राष्ट्रिय, अन्तराष्ट्रिय परिवेशसँगै पात्रहरूको मानसिक परिवेशबारे पनि चित्रण गरेको छ । दुर्गानाथको शान्त, शालीन र सरल व्यक्तित्व, पीताम्बरको हीनभावना, रम्भाको कर्तव्यपरायणता, पवनको परिपक्वता, अमलेन्दुको स्वाभिमान, द्वारिकाको अभिभावकत्वसँगै रेलसँग जोडिएका पात्रहरूको द्वन्द्व, संवेग, आवेग, स्वाभिमान, झगडा, रङ्ग, जाति, भाषा, धर्म, वर्गका कुराहरू पनि उपन्यासमा परिवेशसँग सम्बन्धित भएर आएका छन् ।

***उद्देश्य*** - घामका पाइलाहरू उपन्यासको मुख्य उद्देश्य नेपालको पूर्वी तराईको सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक र शैक्षिक अवस्थाको यथार्थ चित्रण गर्नु हो । रेल यातायातको विकाससँगै उद्योग कलकारखानाहरूको विकासले अगाडि बढ्दै गएर गाउँ र सहरको दोसाँधमा पुगेको एउटा बस्तीको वास्तविक कथा देखाएको छ । अन्नको भण्डारको उपमा पाए पनि तराईमा अभाव, गरिबी, अन्धविश्वास, अशिक्षा र बेरोजगार रहेको, श्रमशोषण, अन्याय, कालोबजारी, स्वास्थ्योपचारको कमी, विज्ञ मान्छेको अभाव, पढेकालाई उचित व्यवस्थापनको कमीजस्ता समस्याहरूका कारण सीमाभित्र रहेर पनि सीमाहीन भएर अति कष्टसाथ जीवन बाँच्न विवश एउटा बस्तीको यथार्थ चित्र उपन्यासमा उभिएको छ । रेलको आवाज, स्टेसनभरि फोहोरमैला, जुवातास, गाँजा, भाँङ खाने, होहल्ला गर्ने, अरूको कुरा काट्ने, घरझगडा गर्ने, छोरी मान्छेप्रतिको गलत हेराइजस्ता विकृति,

विसङ्गतियुक्त सोचाइका मान्छेहरूका कारण यो ठाउँ माथि उठ्न सकेको छैन । तराईको भूभाग भएकाले असाध्यै गर्मी, धुँवा, धुलो, दुर्गन्ध, प्रदूषण, सर्पको भय, लामखुट्टे, भ्यागुत्ताको भय रहेको यस ठाउँमा भारतबाट अमलेन्दु, रेलवेका कर्मचारी, दुर्गानाथ, पीताम्बर, द्वारिका आदि विभिन्न क्षेत्र, भूगोल, धर्म, संस्कृति, भाषा भएका मान्छेहरू एकताबद्ध भएर बसेका छन् । त्यो कोलाहलसँगै यिनीहरूबिचको एकता, सद्भाव, शान्ति, त्याग, सहयोग र सहकार्यलाई उपन्यासले देखाएको छ ।

यी थरीथरीका यथार्थ वस्तुस्थितिसँगै उपन्यासमा मानवीय संवेदनाको कलापूर्ण प्रस्तुति पनि पाइन्छ । सर्वस्व गुमाएर सम्पत्तिहीन भएका पं.दुर्गानाथमा स्वाभिमान, इज्जत, दया, करूणा र सहिष्णुताको भाव देखिन्छ भने पीताम्बरमा आर्थिक अभावले मानसिक विचलन र हीनताको भाव देखिन्छ । पीताम्बर पत्नी रम्भाको दैनिकी ससुराको सेवामा लीन तथा श्रीमान्को टोकसो खाएर नै बितेको छ भने पढाइमा तेज भएर पनि आर्थिक कारण पवनको भविष्य अनिश्चित बन्न पुगेको छ । अमलेन्दु र द्वारिकामा रहेको मानवताबोधी भाव तथा मधेश विरोधी डाक्टर्नीको मधेशप्रतिको प्रेमबाट पात्रका सोचाइमा आउँदै गरेको सकारात्मक परिवर्तनलाई पनि उपन्यासले देखाएको छ । मधेश सबैको घृणाको भाव बोकेर पनि आफ्नै पहिचानमा बाँचेको छ । मधेश पाखे, असभ्य र विकृत छैन । यहाँको आफ्नै जीवनशैली, भाषा, संस्कृति रहेको छ । मधेश खाफैंमा स्वाभिमानी छ भने काठमाडौं, अन्य भूभागहरूमा अन्न पठाएर 'बाँच र बाँच्न देऊ' भन्ने भावमा बाँचेको छ । अन्नको भण्डार भएर पनि कुनै घमण्ड नबोकेको मधेशले भिन्न भिन्न धर्म, संस्कृति र भाषा भएका मान्छेलाई हाँसीहाँसी स्वीकारेको छ । यसरी सबै कुरा भएर पनि राज्यको उपेक्षाले विकासका नाममा पछि परेको र सबैलाई सम्मान गर्ने मधेशप्रति सबैको सकारात्मक चिन्तनको आशा र अपेक्षा गर्नु पनि यस उपन्यासको खास लक्ष्य रहेको छ ।

***दृष्टिबिन्दु*** - घामका पाइलाहरू तृतीय पुरुष दृटिबिन्दुमा लेखिएको उपन्यास हो । उपन्यासमा विभिन्न पात्रका माध्यमबाट कथानक अघि बढेको छ । यी पं.दुर्गानाथ, पीताम्बर, अमलेन्दु, द्वारिका, पवन, अणु, गणेशी, डाक्टर, डाक्टर्नी आदि पात्रहरूले आफ्नै कथाव्यथाहरू अभिव्यक्त गरेका छन् । उपन्यासकारद्वारा आयोजित यी पात्रहरूले लेखककै विचारको प्रकटीकरण गरेका छन् । खासगरी दुर्गानाथ बाजेका माध्यमबाट उपन्यासकारका विविध विचारहरू कलापूर्ण रूपमा व्यक्त भएका छन् । बहुल र विविध व्यक्ति तथा प्रवृत्तिका पात्रहरू चयन गरेर आफू अनुकूलको भूमिका विर्वाह गराउन उपन्यासकार सफल भएका कारण उपन्यासको दृष्टिबिन्दु तृतीय पुरुष रहेको देखिन्छ ।

***भाषाशैली*** - भाषाशैलीका दृष्टिले घामका पाइलाहरू उपन्यास उत्कृष्ट बन्न पुगेको छ । २६ अध्यायमा रचना गरिएको उपन्यासमा अध्यायभित्रका उपकथाहरू छुट्याउन विभिन्न चिन्हहरू राखिएको छ । उपन्यासको भाषा पात्रको स्तर र अवस्थाअनुसार सरल, काव्यात्मक, आलङ्कारिक र प्रतीकात्मकसँगै विभिन्न उखान, टुक्का, सूक्तिको विशिष्ट प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त भाषा प्राकृतिक छ र यसमा कुनै नक्कलीपन पाइँदैन । उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्दको कलापूर्ण प्रयोग पाइन्छ । पात्रहरूका स्वाभाविक संवादहरू यहाँ पाइन्छन् । रेल, रेल स्टेसन, लिक, पोस्ट अफिस, कम्पनी, डाइरेक्ट, पोस्टम्यान, मिक्स्चर, गार्डम्यान, सिग्नल, मोबिल, साइकल, सिरियस, एलार्म आदि आगन्तुक शब्द, खङरङ्ग, चटक्क, झमक्क, अकमक्क आदि अनुकरणात्मक शब्द, इन्तु न चिन्तु, लख काट्नु, हावा लाग्नु, साँढेको जुधाइ बाछाको मिचाइ आदि उखान टुक्कासँगै हिलोको गम्बुट लाएजस्तै, हातको टालाजस्तो, बाफिलो चिया, कर्णभेदी चित्कार आदि प्रतीकात्मक पदावलीको प्रयोगले उपन्यासको भाषा रोचक बनेको पाइन्छ । उपन्यासमा विभिन्न श्लोक, सूक्ति, गीत आदिको पनि प्रयोग पाइन्छ । गणेशी गाएको, झन् पर गयो बरी, झन् माया लाग्छ बरी लै, सवारी मेरो रेलैमा...... (पृ.६६), नैनं छिन्दन्ति शास्त्राणि नैनं दहति पावक ....(पृ.२७१), तथा जस्तोसुकै मृत्युन्मुखी मानिसले पनि जीवनप्रतिको आस्था र जिजीविषाको गहिरो लालसालाई प्राणवायुको अन्तिम उच्छवाससम्म सँगालिरहेको हुन्छ (पृ.१०५) भन्ने उपन्यासको भाषिक प्रयोगले उपन्यासको भाषा निकै कलात्मक रहेको छ भन्ने पुष्टि हुन्छ ।

भाषासँगै उपन्यासको शैली पनि ओजपूर्ण रहेको पाइन्छ । यहाँ वर्णनात्मक र विवरणात्मकसँगै दृश्यात्मक, पूर्वदीप्ति र हास्यव्यङ्ग्यात्मक शैलीको प्रयोग पाइन्छ । कहीँ कतैका संवादहरू लामा देखिए पनि अवान्तर प्रसङ्गका कारण यसमा प्रशस्तै नाटकीयता पाइन्छ । उपन्यासको कथानक स्मरणका रूपमा आएका हुन् कि वर्तमानका हुन् भन्ने दोधारमा पाठकहरू परे पनि उपन्यासको मूल प्रवाहमा कुनै अलमल रहेको पाइँदैन । तसर्थ भाषाशैली प्रयोगका दृष्टिले घामका पाइलाहरू उपन्यास उच्चस्तरको मौलिक बन्न पुगेको छ ।

***शीर्षक*** - घामका पाइलाहरू उपन्यासको शीर्षक पदावलीका तहमा राखिएको छ । यसको शाब्दिक अर्थ घाम वा किरणका डोब अथवा डामहरू भन्ने हुन्छ । पूर्वी तराईमा घटित भएका कारण सोझो

अर्थमा प्रचण्ड गर्मी, धुँवा, धुलोयुक्त डोब हुन्छ व्यञ्जनाका रूपमा नयाँ दिन वा उज्यालो समयको सुरुवात भन्ने हुन्छ । शीर्षकले एकातिर गाँस, बास र कपाससँगै स्वास्थ्य, शिक्षा, रोजगारीको अभावको डामलाई साथै प्राकृतिक डामसँगै आर्थिक, सामाजिक र मानसिक डामतर्फ सङ्केत गरेको छ भने अर्कातिर रेल यातायात, उद्योग, कलकारखानाको सुरुवात, शिक्षित र सचेत मानिसहरूको आगमनपछि विस्तारै गाउँबाट सहरतिर, आधुनिकतातिर परिवर्तन र विकास हुँदै गरेको सन्दर्भलाई शीर्षकले औंल्याएको पाइन्छ । हरेक रातपछि दिन हुने र दिनमा घाम उदाउँछ भनेजस्तै विकासको गति पनि क्रमशः लम्किरहेको हुन्छ । समयसँगै सामाजिक, आर्थिक सबै पक्ष चलायमान हुने तथा मान्छेका सोच, धारणाहरू, व्यवहारहरू पनि परिवर्तन हुँदै गएको सन्दर्भलाई घामका पाइलाहरू शीर्षकमा समेटिएको छ । यसरी उपन्यासको कथानकमा देखिएको बाहिरी तापसँगै कतिपय पात्रहरूमा देखिएको आन्तरिक तापको मूल तथ्यलाई शीर्षकले सङ्केत गरेका कारण अभिधा र व्यञ्जना दुवै तहबाट उपन्यासको शीर्षक सार्थक र प्रभावकारी बन्न पुगेको देखिन्छ ।

## निष्कर्ष र उपलब्धि

उपन्यासको कथानक विन्यास त्यति प्रभावकारी देखिँदैन । आदि, मध्य र अन्त्यको श्रृङ्खलाको सुगठित क्रमको अभाव उपन्यासमा पाइन्छ । नेपालको मध्य तराई वीरगन्जको सामाजिक, आर्थिक, साँस्कृतिक पक्षको चित्रण गर्दै नेपालको अन्नभण्डार र विकास निर्माणको पूर्वाधारको विकासका क्रममा रेल यातायातको थालनीसँगै आएको परिवर्तन, बसाइसराइका कारण मानवीय गतिविधि बढ्दै गएको, शिक्षा, स्वास्थ्य, रोजगारीको अभावले सोचेजस्तो परिवर्तन आउन नसकेको निष्कर्षमा उपन्यासकार पुगेका छन् । पात्र प्रयोगका दृष्टिले धेरै पात्रहरू समेटिएको उपन्यासमा मुख्य पात्र पण्डित दुर्गानाथ हुन् । नायक र नायिका स्पष्ट उल्लेख नभए पनि पवन र अणुले त्यसको अभाव पूरा गरेका छन्। अमलेन्दु भट्टाचार्य भारतबाट आएर रेल सञ्चालनको जिम्मेवारी लिएका शिक्षित, सबैलाई समान व्यवहार गर्ने पात्र हुन् । पीताम्बरलगायतका विविध स्वभाव, लिङ्ग, वर्गका पात्रहरूको प्रयोगका कारण पात्रगत रूपमा उपन्यास प्रभावकारी बन्न पुगेको छ । परिवेशका दृष्टिले यो उपन्यास अझ प्रभावकारी देखिन्छ । मुख्यतः पूर्वी तराईको परिवेश रहेको उपन्यासमा विविध प्रङ्गमा नेपालका पहाड, तराई, राजधानी, कलकत्ताजस्ता ठाउँहरू आएका छन् । सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक, ऐतिहासिक परिवेशले उपन्यास परिवेशप्रधान बन्न पुगेको छ । आफ्नै

जीवनशैली, अन्नको भण्डार, विकासको पर्याय भएर पनि मधेशले पाउनुपर्ने माया, राज्यको उत्तरदायित्व पूरा हुन नसकेको गुनासो भाव मूल उद्देश्य रहेको यस उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग रहेको छ । भाषाशैलीका दृष्टिले यो उपन्यास निकै महत्त्वपूर्ण बनेको छ । प्रतीकात्मक, सूक्तिमय भाषा र वर्णनात्मक, पूर्वदीप्ति शैली रहेको उपन्यासको शीर्षकले तराईमा रहेको विविध समस्याजन्य ताप अभिधा तथा विकासको गति बढ्दै गएको अर्थ व्यञ्जनाका रूपमा देखाएका कारण शीर्षक सार्थक बनेको विषय निष्कर्ष बनेको छ ।

यसरी समग्रमा हेर्दा औपन्यासिक तत्त्वहरूका आधारमा घामका पाइलाहरू एउटा उत्कृष्ट उपन्यास बन्न पुगेको छ । पूर्वी तराईको सामाजिक, आर्थिक, शैक्षिक र साँस्कृतिक पक्षसँगै राष्ट्रिय र अन्तराष्ट्रिय गतिविधि र त्यसको प्रभावलाई सभ्य र भव्य रूपमा तथा यसप्रकारको भाषाशैलीमा प्रस्तुत गरेर उच्च सम्मानले सम्मानित हुनु नै यस उपन्यासको उपलब्धि हो ।

## सन्दर्भसामग्रीसूची


एटम, नेत्र (२०६०), *अन्तर्विषयक समालोचना,* एकता बुक्स ।

गोतामे, ध.च.(२०३५), *घामका पाइलाहरू,* साझा प्रकाशन ।

दाहाल, कृष्णप्रसाद (२०६०), 'द्वन्द्वगत संरचनाका आधारमा सयवर्षभित्रका केही उपन्यासहरूको अध्ययन', *नेपाली उपन्यास शतवार्षिकी,* ने.रा.प्र.प्र.।

दाहाल, खेम (२०६४), 'ध.च. गोतामेका उपन्यास : एक चर्चा', *गरिमा,* वर्ष २६, अङ्क, पूर्णाङ्क ९०१, पृ.५९, साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०२५), *साझा समालोचना,* साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* साझा प्रकाशन ।

भट्टराई, तुलसीप्रसाद *(२०५१), गरिमा (*समालोचना विशेषाङ्क, २०५१), वर्ष १२, अङ्क ५, पूर्णाङ्क १३७, साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५७), *नेपाली कविता र आख्यान,* नवीन प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०३४), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* साझा प्रकाशन ।

# रत्नावली नाटिकामा छन्दविधान

रमेश घिमिरे, विद्यावारिधि

सहप्राध्यापक

साहित्य विभाग

पिण्डेश्वर विद्यापीठ, धरान

ghimireramesh71@gmail.com

## लेखसार

संस्कृत नाटककार हर्षवर्धनरचित रत्नावली नाटिकामा जम्मा पन्ध्रवटा छन्दको प्रयोग भएको छ। तीमध्ये अनुष्टुप् आठ अक्षरात्मक छन्द हो भने उपजाति (उपेन्द्रवज्रा+इन्द्रवज्रा), शालिनी, प्रहर्षिणी, वसन्ततिलक, मालिनी, शिखरिणी, पृथ्वी, हरिणी, शार्दुलविक्रीडित र स्रग्धरा गरी जम्मा दशवटा छन्द चाहिँ समपादात्मक वार्णिक छन्दअन्तर्गत पर्दछन्। यसै गरी पुष्पिताग्रा विषमपादात्मक वार्णिक छन्द हो। आर्या छन्द संस्कृत परम्परामा प्रसिद्ध मात्रिक छन्द हो। गाथा र द्विपदी गीति छन्द प्राकृत काव्यपरम्परामा लोकप्रिय बनेका छन्द हुन्। छन्दवैविध्य यस नाटिकाको विशेषता बनेको छ। विषय र भावका कोणबाट पनि यस नाटिकामा प्रयुक्त छन्दहरूले शास्त्रीय निर्देशनलाई सामान्यतया अनुपालन गरेकै देखिन्छ। संस्कृत नाट्यसाहित्यमा यति र यसरी यस्ता शास्त्रीय छन्दको प्रयोग हुनुपर्छ भनेर शास्त्रीय विधान नदेखिए पनि छन्दप्रयोग शिष्टपरम्परासिद्ध रहेको छ। तदनुसार यस नाटिकामा प्रयुक्त छन्दहरू काव्यसौन्दर्यका सिर्जनामा अनुकूल र सहायक रहेका छन्।

**शब्दकुञ्जिका** - द्विपदी, नाटिका, विषमपादात्मक, शिष्टपरम्परा, समपादात्मक।

## विषय परिचय

हर्षवर्धन प्राचीन भारतीय एक सम्राट् थिए । उनी महान् कवि पनि थिए । उनले रचना गरेका तीन नाट्यकृतिहरू प्रियदर्शिका, रत्नावली र नागानन्दलाई संस्कृत साहित्यका इतिहासमा निकै महत्त्वका दृष्टिले हेरिन्छ । यीमध्ये प्रियदर्शिका र रत्नावली नाटिका हुन् भने नागानन्द चाहिँ नाटक हो । रत्नावली नाटिका नाट्यशिल्पको भरपुर प्रयोग भएको भनी काव्यशास्त्री तथा समालोचकहरूले प्रशंसा गरेको कृति हो । यस नाटिकामा सैद्धान्तिक अङ्गहरूको व्यापक प्रयोग छ साथै काव्यसौन्दर्यका दृष्टिले पनि यो निकै उल्लेखनीय छ । प्राचीन संस्कृत नाटकनाटिकामा पद्यको प्रयोग हुने गर्थ्यो । यस नाटिकामा पनि पद्यको प्रयोग छ । त्यसैले तत्तत् पद्यमा प्रयुक्त छन्दसौन्दर्य स्वभावतः विवेचनीय विषय बन्दछ । रत्नावली नाटिकाको छन्दसौन्दर्यलाई पर्गेल्नु नै यस आलेखको मुख्य विषय हो ।

## समस्याकथन

यस अध्ययनको आधारभित्तिका रूपमा निम्नाङ्कित समस्या रहेका छन् -

क. रत्नावली नाटिकामा के कस्ता छन्दको प्रयोग छ ?

ख. छन्दप्रयोग कसरी भएको छ ?

## उद्देश्य

रत्नावली नाटिकामा प्रयुक्त छन्दको सौन्दर्यमा केन्द्रित यस अध्ययनले निम्नाङ्कित उद्देश्य लिएको छ

क. रत्नावली नाटिकाका छन्हरू पर्गेल्नु

ख. रत्नावली नाटिकाका छन्दबाट सिर्जित मूल्यको आकलन गर्नु ।

## सीमाङ्कन

काव्य सौन्दर्यका रूपमा रस, गुण, अलङ्कार आदि तत्त्व प्रसिद्ध छन् । पद्य काव्यमा छन्द पनि एक संरचना सौन्दर्य हो । अन्य काव्यसौन्दर्यतर्फ नलागी केवल छन्दसौन्दर्यको मात्र अध्ययन गर्नु यसको सीमा हो ।

## पूर्वकार्य समीक्षा

परमेश्वरदीन पाण्डेयको ‘सुधा’ नामक संस्कृत-हिन्दी व्याख्या एवम् रामचन्द्र मिश्रको ‘प्रकाश’ नामक संस्कृत-हिन्दी व्याख्या जस्ता टीका/व्याख्या ग्रन्थहरूमा तत् तत् पद्यका व्याख्याका

अवसरमा त्यहाँ प्रयुक्त छन्दका बारेमा थोरैतिना सङ्केत गरिदिएको देखिन्छ । यस्तै रामजी उपाध्यायद्वारा रचित समालोचनात्मक ग्रन्थ 'प्राचीन संस्कृत नाटक'मा पनि प्रसङ्गात् रत्नावली नाटिकामा प्रयोग भएका छन्दका विषयमा केही उल्लेख भएको पाइन्छ । यस्ता अध्ययनहरू केवल प्रसङ्गानुस्यूत हुन्, नाटिकाको छन्दविधानलाई नै केन्द्रीय विवेच्य वस्तु बनाइएका अध्ययन होइनन् । माथिकामध्ये टीका/व्याख्या ग्रन्थहरूमा यस नाटिकाको छन्दविधानका सन्दर्भमा स्वल्पसङ्केत मात्र पाइन्छ भने रामजी उपाध्यायको अध्ययन त्रुटिपूर्ण रहेको देखिन्छ । त्यसैले यस नाटिकाका छन्दविधानमै केन्द्रित बनी गरिएका प्रस्तुत अध्ययनमा उक्त अध्ययनले आफूभित्र समेट्न नसकेकाका विषयलाई यथासम्भव साङ्गोपाङ्ग र विस्तृत विवेचनाका साथ समावेश गरिएको छ ।

## औचित्य

रत्नावली नाटिकाको छन्दसौन्दर्यलाई नै पृथक् विषय बनाई अध्ययन गरेको यसपूर्व देखिँदैन । यस नाटिकालाई विभिन्न विश्वविद्यालयहरूमा पाठ्यक्रममा राखिएकाले अध्यापक तथा विद्यार्थी एवम् त्यस अतिरिक्त अन्वेषक र जिज्ञासुहरूका लागि पनि यो आलेख/यो अध्ययन उपयोगी हुने भएकाले यसको आवश्यकता/औचित्य स्वतः स्पष्ट हुन्छ ।

## सैद्धान्तिक आधार

प्राच्य छन्दशास्त्रीय सिद्धान्त नै यस आलेखको सैद्धान्तिक आधार हो ।

## शोधविधि र सामग्री

रत्नावली नाटिकाको मूल पाठ र छन्दशास्त्रीय मूल ग्रन्थलाई यस आलेखका तयारीमा प्राथमिक सामग्रीका रूपमा ग्रहण गरिएको छ भने रत्नावली नाटिका सम्बन्धी टीका, समीक्षा एवम् छन्दशास्त्रीय विश्लेषणका कतिपय हिन्दी तथा नेपालीका समीक्षात्मक ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा ग्रहण गरिएको छ । यसमा विषयगत विमर्श गर्दा गुणात्मक र परिमाणात्मक ढाँचालाई आत्मसात् गरिएको छ । त्यस्तै आवश्यकता र प्रसङ्गवश आगमनात्मक र निगमनात्मक दुवै विधिलाई उपयोग गरी विषय विश्लेषण गरिएको छ ।

## विषय विश्लेषण

### छन्दतत्त्व

छन्द लय हो । व्यापन अर्थको छदि धातु र आह्लादन अर्थको चदि धातुबाट छन्द शब्दको निर्माण हुन्छ । छदि धातुबाट निष्पन्न छन्द शब्दले लयात्मक झङ्कारद्वारा वाङ्मय जगत्लाई व्याप्त गर्नु भन्ने र चदि धातुबाट निष्पन्न छन्द शब्दले तल्लयताको सिर्जना गर्दै श्रोताका हृदयमा आह्लाद पैदा गर्नु भन्ने अर्थ दिन्छ । छन्द शब्द यी दुवै अर्थमा प्रयुक्त हुन्छ । वाङ्मय जगत्मा छन्दतत्त्वको महत्ता वैदिक कालदेखि नै स्थापित देखिन्छ । पाणिनीय शिक्षाअनुसार वेदका छ अङ्गमध्ये छन्दलाई चरण/पाउ मानेको छ । वैदिक वाङ्मयमा जसरी छन्दको महत्ता स्थापित छ, त्यसरी नै लौकिक वाङ्मयमा पनि त्यो महत्ता अक्षुण्ण रहेको देखिन्छ । ( घिमिरे., २०७५ : ८१)

छन्दरहित वाङ्मयस्वरूपलाई गद्य र छन्दोबद्ध वाङ्मयस्वरूपलाई पद्य भनिन्छ । छन्दका चार पाउबाट एउटा पद्य बन्दछ । त्यसैले पद्य काव्यको आधारभूमि भनेको छन्द नै हो ।

छन्दलाई विभिन्न दृष्टिले वर्गीकरण गर्ने गरिन्छ । मूलतः वैदिक वाङ्मयमा प्रचलित छन्दलाई वैदिक छन्द र लौकिक वाङ्मयमा प्रचलित लौकिक छन्द । लौकिक छन्द पनि वार्णिक र मात्रिक गरी दुई खालको हुन्छ । प्रतिपाउ अक्षरको सङ्ख्या र लघुगुरुका क्रमको नियम भएको छन्द वार्णिक हो भने मात्राका सङ्ख्याको गणना हुने छन्द मात्रिक हो । वार्णिक छन्दलाई वर्णवृत्त र मात्रिक छन्दलाई जाति भन्ने नाउँले पनि चिन्ने गरिन्छ । शालिनीजस्ता अनेक छन्दहरू वार्णिक अर्थात् वर्णवृत्तअन्तर्गत पर्दछन् भने आर्याजस्ता छन्दहरू मात्रिक अर्थात् जातिवृत्त अन्तर्गत पर्दछन् । यसैगरी वार्णिक छन्दका पनि समपाद, विषमपाद र अर्धसमपाद गरी तीन भेद छन् । जसका चार पाउ समान हुन्छन्, त्यस छन्दलाई समपाद भनिन्छ । जसका प्रथम पाउ र तृतीय पाउ समान छन् तथा द्वितीय र चतुर्थ पाउ पनि समान छन्, त्यसलाई अर्ध समपाद भनिन्छ । यसै गरी चारै पाउ एकअर्कामा भिन्न छन् भने त्यसलाई विषमपाद भनिन्छ । (घिमिरे, २०७५ : पृ. ८१-८२)

### समपादवृत्तको विभाजन

समपाद वृत्तलाई विभिन्न वर्गमा विभाजन गर्ने गरिन्छ । एक अक्षरको एकपाउ भएका श्री जस्ता छन्दलाई उक्था, दुई अक्षरात्मक पाउका छन्दलाई अत्युक्था, तीन अक्षरात्मक पाउ भएका नारी जस्ता छन्दलाई मध्यमा, चार प्रतिष्ठा, पाँच सुप्रतिष्ठा, छ गायत्री, सात उष्णिक्, आठ अनुष्टुप्, नौ

बृहती, दश पङ्क्ति, एघार त्रिष्टुप्, बाह्र जगती, तेह्र अतिजगती, चौध शर्करी, पन्ध्र अतिशर्करी, सोह्र अष्टि, सत्र अत्यष्टि, अठार धृति, उन्नाइस अतिधृति, बीस कृति, एक्काइस प्रकृति, बाइस आकृति, तेइस विकृति, चौबीस संस्कृति, पच्चीस अतिकृति, छब्बीस उत्कृति । यसरी एकाक्षरीदेखि छब्बीस अक्षरीसम्मका समपाद वृत्तलाई साधारण वार्णिक छन्द भनिन्छ भने २६ भन्दा बेसी अक्षरवाला वार्णिक छन्दलाई दण्डक भन्ने गरिन्छ । दण्डक पनि धेरै प्रकारका हुन्छन् । (**छन्दोमञ्जरी,** १/१५-१८)

## छन्दप्रयोगको विधान

समस्त वाङ्मयजगत्लाई शास्त्र, काव्य, शास्त्रकाव्य र काव्यशास्त्र गरी चार भागमा बाँडेर तिनमा छन्दको प्रयोग कस्तो हुनुपर्छ भनी काव्यशास्त्री क्षेमेन्द्रले आफ्ना अभिमतहरू प्रस्तुत गरेका छन् । काव्यका सबै अङ्गका लक्षण प्रस्तुत भएको वाङ्मयस्वरूपलाई शास्त्र भनिन्छ भने अलङ्कारयुक्त विशिष्ट शब्दार्थका साहित्यलाई काव्य भनिन्छ एवम् धर्म, अर्थ, काम र मोक्षसम्बन्धी कल्याणकारी विभिन्न उपदेश गरिएको वाङ्मयस्वरूपलाई शास्त्रकाव्य भनिन्छ साथै खास शास्त्रको ज्ञान गराउन रचिएको भट्टिकाव्य आदिलाई काव्यशास्त्र भनिन्छ (सुवृत्तितिलकम्, ३/२-४) । यीमध्ये सबैलाई सुबोध्य होस् भन्ने हेतुले अर्थ सुस्पष्ट हुने गरी शास्त्रमा प्रयत्नपूर्वक अनुष्टुप् छन्दको प्रयोग गर्नुपर्दछ (सुवृत्तितिलकम्, ३/६) । शास्त्रकाव्यमा लामालामा छन्दहरूको प्रयोग उपयुक्त हुँदैन एवम् काव्यशास्त्रमा रसानुकूल छन्दहरूको प्रयोग वाञ्छनीय हुन्छ (सुवृत्तितिलकम्, ३/८)।

वाङ्मयका उपर्युक्त चार भेदमध्ये काव्यमा चाहिँ छन्दका भेदोपभेदहरूको प्रयोग वर्ण्य विषय र रसको अनुकूल हुने गरी गर्नुपर्दछ भनी छन्दशास्त्रीय सन्दर्भमा क्षेमेन्द्रले आफ्नो विचार व्यक्त गरेका छन् । उनले भनेका छन् -

काव्ये रसानुसारेण वर्णनानुगुणेन च ।
कुर्वीत सर्ववृत्तानां विनियोगं विभागवित् ॥ (सुवृत्तितिलकम्, ३/७)

अर्थात् शास्त्र, काव्य, शास्त्रकाव्य र काव्यशास्त्रका जानिफकारहरूले सबै छन्दहरूको प्रयोग रस र वर्ण्य विषयअनुसार गर्नुपर्दछ ।

## छन्दको उपयोगिता

प्रबन्धः ससुतरां भाति यथास्थानं निवेशितैः

निर्दोर्षगुणसंयुक्तैः सुवृत्तैभौक्तिकैरिव । (सुवृत्तितिलकम्, ३/१ )

जसरी अर्थात् दोषरहित तथा सूत्रगुम्फित वर्तुलाकार मोतीका हार यथोचित स्थानमा परिरहँदा शोभाकारक हुन्छ, त्यसरी नै निर्दोष गुणवान् सुन्दर छन्दको यथास्थान प्रयोगले प्रबन्ध अत्यन्त शोभायमान हुन्छ, सुन्दर हुन्छ । क्षेभेन्द्रका यस अभिव्यक्तिले छन्दको सौन्दर्यमूलक महत्तालाई स्पष्ट पारेको छ । वास्तवमा छन्दले काव्यमा सरसता पैदा गर्छ, लालित्य जन्माउँछ, प्रवाहमयताको सिर्जना गर्छ, रोचकता बढाउँछ र मधुरता प्रवाहित गर्छ । विषयस्मरणलाई छन्दले सरल बनाउँछ । मानवहृदयमा भावोद्वेलनद्वारा प्रभाकउत्पादन गर्न छन्दले सहयोग गर्छ । भावानुमूल सौन्दर्यका निर्माणमा छन्द धेरै सहयोगी हुन्छ ।

## नाट्यकृतिमा छन्दविधान

नाट्यकृति अर्थात् रूपक-उपरूपकमा महाकाव्यजस्ता प्रबन्धमा झैँ कुनै खास छन्दसम्बन्धी शास्त्रीय विधान छैन । तर प्रयोग परम्परामा नाटक तथा नाटिकामा छन्दले उच्च स्थान प्राप्त गरेको देखिन्छ । कालिदास होउन् वा भास, भवभूति होउन् वा श्रीहर्ष ; ती ती रचनाकारका कृतिहरूमा भरमार पद्यको प्रयोग रहेको छ ।

नाट्यकृतिमा कथावस्तुको मागअनुसार छन्दको अर्थात् पद्यको प्रयोग हुने गर्छ । यस्ता नाट्य कृतिहरूमा खास गरी प्राकृतिक वस्तुको चित्रणका सन्दर्भमा पर्वत, नदी, सूक्ष्म अनुभूतिको अभिव्यक्तिका लागि छन्दको प्रयोग भएको देखिन्छ । (त्रिपाठी, १९९८ : पृ. १९६ )

***रत्नावलीमा छन्द*** - रत्नावली नाटिकामा जम्मा पन्ध्रवटा छन्दको प्रयोग भएको छ - अनुष्टुप्, उपजाति (उपेन्द्रवज्रा+इन्द्रवज्रा), शालिनी, प्रहर्षिणी, वसन्ततिलक, मालिनी, शिखरिणी, पृथ्वी, हरिणी, शार्दुलविक्रीडित, स्रग्धरा, पुष्पिताग्रा, आर्या, गाथा र द्विपदी गीति छन्द । क्रमशः यी छन्दको सैद्धान्तिक परिचय सहित रत्नावलीमा यिनका प्रयोगको स्थितिलाई केलाऔँ ।

*अनुष्टुप्* - अनुष्टुप् एक छन्दवर्ग पनि हो र त्यही छन्दवर्गभित्रको एक छन्दविशेष पनि हो । अनुष्टुप् नाउँका छन्दवर्गअन्तर्गत प्रतिपाउ आठ अक्षर भएका चित्रपदा, माणवक, विद्युन्माला, समानिका, प्रमाणिका, गजगति, हंसरुत, नाराचिका आदि छन्दहरू पर्दछन् । प्रतिपाउ आठै अक्षरको हुने हुनाले

'अनुष्टुप्' नाउँको छन्दविशेष पनि यसै वर्गअन्तर्गत आउँछ। अनुष्टुप्लाई 'श्लोक' पनि भन्ने गरिन्छ। 'श्लोक' शब्द 'पद्य' शब्दको पर्यायवाची शब्दका रूपमा समेत प्रयोग गर्ने व्यावहारिक चलन देखिन्छ। यो चाहिँ प्रसङ्गबाट बुझ्नुपर्ने हुन्छ। छन्दविशेषका रूपमा अनुष्टुप्को शास्त्रीय लक्षण कालिदासले यसरी प्रस्तुत गरेका छन् -

श्लोके षष्ठं गुरु ज्ञेयं सर्वत्र लघु पञ्चमम्।
द्विचतुष्पादयोर्ह्रस्वं सप्तमं दीर्घमन्ययोः॥ (श्रुतबोधः, ६)

(अर्थात् अनुष्टुप्का प्रत्येक पाउको छैटौँ अक्षर गुरु र पाँचौँ अक्षर लघु हुन्छन् साथै द्वितीय र चतुर्थ पाउको सातौँ अक्षर लघु तथा प्रथम र तृतीय पाउको सातौँ अक्षर गुरु हुन्छन्।)

ठ्याक्कै यही मान्यता क्षेमेन्द्रको पनि रहेको छ। उनी भन्छन् -

पञ्चमं लघु सर्वेषु सप्तमं द्विचतुर्थयोः।
गुरु षष्ठं च सर्वेषामेतच्छ्लोकस्य लक्षणम्॥ (सुवृत्तितिलकम्, १/१४)

कालिदास र क्षेमेन्द्रको अनुष्टुप्सम्बन्धी शास्त्रीय मान्यता समान छ र यो नै चलनचल्तीमा पनि छ तर शास्त्रीय रूपमै छन्दोमञ्जरीका रचनाकार गङ्गादासद्वारा प्रस्तुत अनुष्टुप्को लक्षण अलिक फरक खालको छ। जस्तै :

पञ्चमं लघु सर्वत्र सप्तमं द्विचतुर्थयोः।
गुरु षष्ठं च जानीयात् शेषेष्वनियमो मतः॥ (छन्दोमञ्जरी, ५/७)

(अर्थात् अनुष्टुप् नामले प्रख्यात जुन छन्द छ; त्यसका सबै पाउका पाँचौँ वर्ण लघु हुन्छन् एवम् दोस्रो र चौथो पाउका सातौँ वर्ण लघु तथा छैटौँ वर्ण गुरु हुन्छन्। अरू वर्णमा कुनै नियम छैन।)

यसरी हेर्दा कालिदास र क्षेमेन्द्रले अनुष्टुप्का सबै पाउको छैटौँ वर्ण गुरु हुनुपर्ने मान्यता राखेको देखिन्छ भने गङ्गादासले चाहिँ दोस्रो र चौथो पाउको छैटौँ वर्ण गुरु हुनुपर्ने तर प्रथम र तृतीय पाउको छैटौँ वर्णका विषयमा कुनै खास नियम नभएकाले गुरु वा लघु, जे भए पनि हुने भन्ने मान्यता राखेको देखिन्छ।

यस्तो शास्त्रीय नियम भए पनि सहजश्रव्यता छ भने उक्त नियममा केही तलमाथि परे पनि अनुष्टुप्लाई क्षति गर्दैन भन्ने मान्यता क्षेमेन्द्रले राखेका छन्। उनको भनाइ छ - "तत्र लक्ष्यानुसारेण श्रव्यतायाः प्रधानता" (सुवृत्तितिलकम्, १/१५)।

प्रस्तुत नाटिका 'रत्नावली'मा जम्मा नौ पद्यमा अनुष्टुप् छन्दको प्रयोग भएको छ । एउटा पद्य उद्धृत गरी हेरौँ :

श्रीरेषा पाणिरप्यस्याः पारिजातस्य पल्लवः ।
कुतोऽन्यथा पतत्येष स्वेदच्छद्मामृतद्रवः ॥ (**रत्नावली,** २/१८)

*शालिनी* **-** मात्तौ गौ चेच्छालिनी वेदलोकैः । (**छन्दोमञ्जरी,** २/११/५)

(अर्थात् मगण, दुइटा तगण र दुइटा गुरुबाट शालिनी छन्द बन्दछ जसमा क्रमशः चार र सात अक्षरमा विराम हुन्छ ।)

उपर्युक्त शास्त्रीय लक्षणअनुसार शालिनीका प्रत्येक पाउमा एघार अक्षर हुन्छन् । 'म-त-त-ग-ग' बाट यसको पादसंरचना हुन्छ । यस छन्दमा प्रत्येक पाउमा क्रमशः चार र सात अक्षरमा अर्थात् चौथो र एघारौँ अक्षरमा यति हुन्छ । शालिनी एकादशाक्षरात्मक त्रिष्टुप् वर्गीय समपाद छन्द हो । यस छन्दको प्रयोग रत्नावली नाटिकामा एउटामात्र पद्यमा भएको छ । जस्तै :

प्रारम्भेऽस्मिन्स्वामिनो वृद्धिहेतौ
दैवेनेत्थं दत्तहस्तावलम्बे ।
सिद्धेर्भ्रान्तिर्नास्ति सत्यं तथापि
स्वेच्छाचारी भीत एवास्मि भर्तुः ॥ (**रत्नावली,** १/७)

*उपजाति*- अनन्तरोदीरितलक्ष्मभाजौ पादावदीयावुपजातयस्ताः ।
इत्थं किलान्यास्वपि मिश्रितासु वदन्ति जातिष्विदमेव नाम ॥ (**छन्दोमञ्जरी,** २/११/३)

(अर्थात् प्रसङ्गप्राप्त उपेन्द्रवज्रा र इन्द्रवज्रा छन्दका पाउहरू एउटै पद्यमा मिसिएर आएमा त्यस्ता छन्दलाई उपजाति भनिन्छ । यसरी नै उपेन्द्रवज्रा र इन्द्रवज्राभन्दा बाहेक अन्य दुई छन्दको मिश्रण भएमा पनि उपजाति नै हुन्छ ।)

उपजाति छन्दका उपर्युक्त शास्त्रीय लक्षणबाट यो कुनै स्वतन्त्र छन्द होइन भन्ने कुरा स्पष्ट हुन्छ । वास्तवमा दुई छन्दको मिश्रण एउटै पद्यमा भएको छ भने त्यसलाई उपजाति भनिन्छ । उपजाति हुन जुनसुकै दुई छन्द भएर मात्र पनि पुग्दैन । सजातीय वार्णिक छन्दको मिश्रणले मात्र उपजाति बन्दछ । प्रयोगपरम्परामा विशेष गरी इन्द्रवज्रा र उपेन्द्रवज्राको उपजाति तथा वंशस्थ र इन्द्रवंशाको उपजाति देखिएको छ । इन्द्रवज्रा छन्दमा 'त-त-ज-ग-ग' को पादसंरचना हुन्छ भने उपेन्द्रवज्राका पादसंरचनाको स्वरूप हुन्छ - 'ज-त-ज-ग-ग' । यी दुवै छन्द एक पाउमा एघार अक्षर

हुने त्रिष्टुप् वर्गमा पर्दछन् । त्यसैले इन्द्रवज्रा र उपेन्द्रवज्राको उपजाति पनि त्रिष्टुप् वर्गकै छन्द हो । तर इन्द्रवंशा र वंशस्थ छन्द जगती वर्गमा पर्ने भएकाले यिनको उपजाति पनि जगती वर्गकै छन्दअन्तर्गत पर्दछ ।

यस नाटिकामा चाहिँ इन्द्रवज्रा र उपेन्द्रवज्राको उपजाति रहेको छ । यस छन्दको प्रयोग रत्नावली नाटिकाका एउटामात्र पद्यमा भएको देखिन्छ । जस्तै :

परिच्युतस्तत्कुचकुम्भमध्यात्
किं शोषमायासि मृणालहार ।
न सूक्ष्मतन्तोरपि तावकस्य
तत्रावकाशो भवतः किमु स्यात् ॥ (रत्नावली, २/१५)

*प्रहर्षिणी* - त्र्याशाभिर्मनजरगाः प्रहर्षिणीयम् । (**छन्दोमञ्जरी,** २/१३/१)

(अर्थात् मगण, नगण, जगण, रगण र अन्त्यमा एक गुरु वर्ण भएमा प्रहर्षिणी छन्द हुन्छ जसमा तीन र दश अक्षरमा विराम हुन्छ ।)

प्रहर्षिणी छन्दको उपर्युक्त लक्षणअनुसार 'म-न-ज-र-ग' को संरचनामा यसको एक पाउ बन्छ । यस छन्दका प्रत्येक पाउका क्रमशः तृतीय र दशम अक्षरमा यति हुन्छ । यसरी हेर्दा यो तेह्र अक्षरात्मक अतिजगती वर्गीय समपाद छन्दका रूपमा देखा पर्दछ । यसलाई मयूरपिच्छ भन्ने नामबाट पनि चिनिन्छ (मिश्र, २०६३ : पृ. ३८०) । रत्नावली नाटिकामा एकमात्र पद्यमा प्रहर्षिणी छन्द रहेको छ । जस्तै :

दुर्वारां कुसुमशरव्यथां वहन्त्या
कामिन्या यदभिहितं पुरः सखीनाम् ।
तद्भूयः शिशुशुकसारिकाभिरुक्तं
धन्यानां श्रवणपथातिथित्वमेति ॥ (रत्नावली, २/८)

*वसन्ततिलक* - ज्ञेयं वसन्ततिलकं तभजा जगौ गः । (**छन्दोमञ्जरी,** २/१४/२)

(अर्थात् तगण, भगण, जगण, जगण र अन्त्यमा दुइटा गुरु वर्ण भएमा वसन्ततिलक छन्द हुन्छ ।)

वसन्ततिलकको उक्त लक्षणअनुसार 'त-भ-ज-ज-ग-ग' बाट यसको पादसंरचना हुन्छ । यसका प्रत्येक पाउमा चौध अक्षर हुन्छन् । यो शर्करीवर्गीय समपाद छन्द हो । यस छन्दका सिंहोन्नता, उद्धर्षिणी, मधुमाधवी, सुन्दरी, उन्मुखी जस्ता अनेक नाम छन् (मिश्र, २०६३ : पृ. ३८५) ।

रत्नावली नाटिकामा यस छन्दको प्रयोग जम्मा नौ पद्यमा भएको छ । उदाहरणका रूपमा एउटा पद्यलाई उद्धृत गरौं :

दृष्टिं रुषा क्षिपसि भामिनि यद्यपीमां
स्निग्धेयमेष्यति तथापि न रूक्षभावम् ।
त्यक्त्वा त्वरां व्रज पदस्खलितैरयं ते
खेदं करिष्यति गुरुर्नितरां नितम्बः ॥ (रत्नावली, २/१७)

*मालिनी* - ननमयययुतेयं मालिनी भोगिलोकैः । (**छन्दोमञ्जरी,** २/१५/४)

(अर्थात् नगण, नगण, मगण, यगण, यगण भएमा मालिनी छन्द हुन्छ जसमा आठ र सात अक्षरमा विराम हुन्छ ।)

मालिनी छन्दका उपर्युक्त शास्त्रीय लक्षणबमोजिम यसको पादसंरचनाको स्वरूप हुन्छ - 'न-न-म-य-य' । यसका प्रत्येक पाउमा क्रमशः आठौँ र सातौँ अक्षरमा विश्राम हुन्छ । यसरी मालिनी प्रत्येक पाउमा पन्ध्र अक्षर हुने अतिशर्करी वर्गको समपाद छन्द हो भन्ने स्पष्ट हुन्छ । यस छन्दलाई इन्दुमुखी भन्ने नामले पनि चिनिन्छ (मिश्र, २०६३ : पृ. ३८८) । यस छन्दका पद्यको सङ्ख्या रत्नावली नाटिकामा तीन मात्र छ । एउटा पद्य उद्धृत गरी उदाहरण प्रस्तुत गरौं :

विरम विरम बह्ने ! मुञ्च धूमानुबन्धं
प्रकटयसि किमुच्चैरर्चिषां चक्रबालम् ।
विरहहुतभुजाहं यो न दग्धः प्रियायाः
प्रलयदहनभासा तस्य किं त्वं करोसि ॥ (रत्नावली, ४/१६)

*शिखरिणी* - रसैः रुद्रैश्छिन्ना यमनसभला गः शिखरिणी । (छन्दोमञ्जरी, २/१७/१)

(अर्थात् छ र बाह्र अक्षरमा विराम तथा क्रमशः यगण, मगण, नगण, सगण, भगण, एक लघु र एक गुरु वर्ण भएमा शिखरिणी छन्द हुन्छ ।)

उपर्युक्त शास्त्रीय लक्षणअनुसार शिखरिणी छन्दका प्रत्येक पाउका संरचनाको स्वरूप हुन्छ - 'य-म-न-स-भ-ल-ग' । यस छन्दमा प्रत्येक पाउका क्रमशः छ र एघार अक्षरमा अर्थात् छैटौँ र सत्रौँ अक्षरमा यति हुन्छ । यसबाट स्पष्ट हुन्छ कि यो प्रत्येक पाउमा सत्र अक्षर हुने 'अत्यष्टि' वर्गको समपाद छन्द हो । रत्नावली नाटिकामा जम्मा छओटा पद्यमा यस छन्दको प्रयोग भएको देखिन्छ । उदाहरणका लागि एक पद्य उद्धृत गरौं :

पुरः पूर्वामेव स्थगयति ततोऽन्यामपि दिशं
क्रमात् क्रामन्नद्रिद्रुमपुरविभागांस्तिरयति ।
उपेतः पीनत्वं तदनु भुवनस्येक्षणफलं
तमःसङ्घातोऽयं हरति हरकण्ठद्युतिहरः ॥ (रत्नावली, ३/७)

*पृथ्वी* - जसौ जसयला वसुग्रहयतिश्च पृथ्वी गुरु । *(छन्दोमञ्जरी, २/१७/२)*

(अर्थात् जगण, सगण, जगण, सगण, यगण र लघु वर्ण भएमा पृथ्वी छन्द हुन्छ जसमा क्रमशः आठ र नौ अक्षरमा यति हुन्छ ।)

उपर्युक्त शास्त्रीय लक्षणअनुसार पृथ्वी छन्दका प्रत्येक पाउका संरचनाको स्वरूप हुन्छ - 'ज-स-ज-स-य-ल-ग' । यस छन्दका प्रतिपाउ आठ र नौ अक्षरमा अर्थात् आठौँ र सत्रौँ अक्षरमा यति हुन्छ । पृथ्वी प्रतिपाउ सत्र अक्षर हुने अत्यष्टिजातीय समपाद छन्द हो । विलम्बितगति यस छन्दको अर्को नाउँ हो (मिश्र, २०६३ : पृ. ३९५) । रत्नावली नाटिकामा पृथ्वी छन्दका दुई पद्य छन् । उदाहरणका रूपमा एउटा पद्य हेरौँ :

दृशः पृथुतरीकृता जितनिजाब्जपत्रत्विषश्-
चतुर्भिरपि साधु साध्विति मुखैः समं व्याहृतम् ।
शिरांसि चलितानि विस्मयवशाद् ध्रुवं वेधसा
विधाय ललनां जगत्त्रयललामभूतामिमाम् ॥ (रत्नावली, २/१६)

*हरिणी* - नसमरसला गः षड्वेदैर्हयैर्हरिणी मता । (छन्दोमञ्जरी, २/१७/५)

(अर्थात् नगण, सगण, मगण, रगण, सगण तथा अन्त्यमा एक लघु र एक गुरु वर्ण भएमा त्यसलाई हरिणी छन्द मानिएको छ जसमा क्रमशः छ, चार र बाह्र अक्षरमा विराम हुन्छ ।)

यो हरिणी छन्दको शास्त्रीय लक्षण हो जसअनुसार यसको पादसंरचनाको स्वरूप हुन्छ - 'न-स-म-र-स-ल-ग' । यस छन्दमा क्रमशः छ, चार र सात अक्षरमा अर्थात् छैटौँ, दशौँ र सत्रौँ अक्षरमा यति हुन्छ । हरिणी छन्द पनि प्रतिपाउ सत्र अक्षर भएको अत्यष्टिजातीय समपाद छन्दभित्र पर्दछ । यो छन्दको प्रयोग रत्नावली नाटिकामा एउटामात्र पद्यमा भएको छ । उदाहरणका रूपमा एक पद्यलाई हेरौँ :

प्रणयविशदां दृष्टिं वक्त्रे ददाति न शङ्किता

घटयति घनं कण्ठाश्लेषे रसान्न पयोधरौ ।

वदति बहुशो गच्छामीति प्रयत्नधृताऽप्यहो

रमयतितततरां सङ्केतस्था तथा हि कामिनी ॥ (रत्नावली, ३/९)

*शार्दूलविक्रीडित* - सूर्याश्वैर्यदिमः सजौ सततगाः शार्दूलविक्रीडितम् । (**छन्दोमञ्जरी,** २/१९/३)

(अर्थात् यदि मगण, सगण, तगण, तगण र अन्त्यमा गुरु वर्ण एवम् क्रमशः सात र बाह्र अक्षरमा विराम भएमा शार्दूलविक्रीडित छन्द हुन्छ ।)

